का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ पुस २०८२
मंगलबार
16 December 2025
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक



एमाले चुनाव

# ओली टिममा हलचल ईश्वरलाई आशा



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २९ मंसिर

नेकपा एमालेमा नेतृत्व चयनका लागि आज मतदान हुँदै छ। पार्टी अध्यक्षमा केपी शर्मा ओलीलाई उनको ११ वर्षे नेतृत्व कालका सारथी वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले चुनौती दिएका छन्। दुवै पक्ष प्यानलसहित चुनावी मैदानमा उत्रिँदा ओली समूहले संकटमा नेतृत्वको रक्षा र पोखरेल समूहले पार्टी जोगाउन नेतृत्व परिवर्तनको नारा अघि सारेका छन्।

महाधिवेशनको अन्तिम चरणमा ओलीले आफ्नो समूहको सूची बनाउँदै गर्दा सबै आकांक्षीलाई अटाउन सकेनन्। सोमबार दिनभरजसो समूहगत उम्मेदवार व्यवस्थापनमा नेतालाई निकै सकस परेको थियो। यद्यपि दुवै समूहले समूहगत प्रतिस्पर्धा तीव्र बनाएका छन्। केन्द्रीय निर्वाचन आयोगले आज मध्यान्ह १२ बजेबाट मतदानको कार्यतालिका सार्वजनिक गरेको छ। देशभरका २ हजार २ सय ६२ प्रतिनिधिले पार्टी नेतृत्व चयनका लागि मतदान गर्नेछन्। मतदाताहरूलाई आफ्नो पक्षमा पार्न ओली र ईश्वर समूहका नेता भिडेर लागेका छन्।

धेरै नेताको दाबीले ओलीलाई टिम व्यवस्थापनमा निकै सकस परेको छ। त्यो अप्ठेरो फुकाउन उनले विधान महाधिवेशनले तय गरेको पदाधिकारीदेखि केन्द्रीय सदस्यसमेत घटाउने व्यवस्था आइतबारको अन्तिम बैठकबाट उल्ट्याए। तैपनि आफूलाई विगतमा साथ दिएका नेताहरूलाई पद बाँड्न सकेनन्। जसका कारण कतिपय नेताहरु पोखरेलतर्फ लागेका छन्। यसले ओलीको शक्ति क्षण भएको र ईश्वरको पक्षमा माहोल बन्दै गएको पोखरेल समूहका सचिवका उम्मेदवार कर्णबहादुर थापाको दाबी छ। 'एउटै नेतालाई तीनपटकसम्म नेतृत्व दिइरहने कुरा नै गलत थियो। हामीले नेतृत्व हस्तान्तरणको विषयलाई उठाउँदा थोरै नेताहरू मात्रै थियौं,' उनले मध्यान्हसँग भने, 'महाधिवेशनको फिल्डमा आइपुग्दा ओलीका पक्षमा देखिनु भएका र कतै नखुल्नुभएका अधिकांश सिनियर नेताहरूको साथ ईश्वर पोखरेललाई मिलेको छ। यसले सकारात्मक पृष्ठ २ मा



**अध्यक्ष** : केपी शर्मा ओली

**उपाध्यक्ष** :
विष्णु पौडेल
रामबहादुर थापा 'बादल'
गुरु बराल
पृथ्वीसुब्बा गुरुङ



**महासचिव** :
शंकर पोखरेल


**उपमहासचिव** :
रघुवीर महासेठ
विष्णु रिमाल
लेखराज भट्ट

**सचिव** :
छविलाल विश्वकर्मा
पद्मा अर्याल
भानुभक्त ढकाल
खगराज अधिकारी
यमलाल कँडेल
शेरधन राई
महेश बस्नेत
हिक्मत कार्की
राजन भट्टराई


**उपमहासचिव** :
योगेश भट्टराई
वैजनाथ भट्टराई

**सचिव** :
गोकुल बाँस्कोटा
कर्ण थापा
ठाकुर गैरे
रचना खड्का
विनोद ढकाल
पुरुषोत्तम पौडेल
कृष्णगोपाल श्रेष्ठ

**उपाध्यक्ष** :
बिन्दा पाण्डे
परशुराममेघी गुरुङ
गोकर्ण विष्ट
अरुण नेपाल



**महासचिव** :
सुरेन्द्र पाण्डे



**अध्यक्ष** : ईश्वर पोखरेल

## एमाले पदाधिकारीमा महिला
# दुई गुटमा तीन उम्मेदवार

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २९ मंसिर

भृकुटीमण्डपमा जारी नेकपा एमालेको ११औं राष्ट्रिय महाधिवेशनमा दुईवटा प्यानल प्रतिस्पर्धामा जाँदा पनि पदाधिकारीमा एकाध महिलाले मात्र उम्मेदवारी दिएका छन्।

जनसंख्याको ५१ दशमलव ५ प्रतिशत हिस्सा ओगट्ने महिलाले अहिलेसम्म पार्टीमा ३३ प्रतिशतभन्दा बढी प्रतिनिधित्व गर्न पाएका छैनन्। त्यसमा पनि पदाधिकारीमा त अझै न्यून संख्या छ। महिलालाई संविधानले निर्देश गरेअनुसारको संख्यामा मात्र सीमित गर्ने प्रयास गरिएको छ। अनिवार्य नगरिएका पदाधिकारी पदमा एकाध महिलाले मात्र उम्मेदवारी दिएका छन्। एमालेमा संस्थापनइतर पक्षले उपाध्यक्षमा विन्दा पाण्डे र सचिवमा रचना खड्कालाई उम्मेदवार बनाएको छ भने अध्यक्ष केपी शर्मा ओली पक्षले सचिवमा पद्मा अर्याललाई दोहोऱ्याउनेबाहेक अन्य महिला नेता खोजेको छैन। उठेका सबै उम्मेदवारले जित्दा पनि १९ सदस्यीय पदाधिकारी पृष्ठ २ मा



## ओली टिम हाँक्ने नयाँ अनुहार

अध्यक्ष केपी शर्मा ओलीले आगामी टिम हाँक्ने नयाँ अनुहारलाई भित्र्याएका छन्। अध्यक्ष, उपाध्यक्ष, महासचिव र उपमहासचिव पदमा यसअघि पदाधिकारी रहेका पुरानै अनुहारले स्थान पाए पनि सचिवमा नयाँ नेता स्थापित गर्ने ओलीको योजना छ। नौ सचिवमध्ये ६ जना नयाँ अनुहार समेटिएको छ। ओली समूहबाट सचिवमा खगराज अधिकारी, यामलाल कँडेल, डा. राजन भट्टराई, हिक्मतकुमार कार्की, शेरधन राई र महेश बस्नेतलाई उम्मेदवार बनाएको छ। यी पदाधिकारीमा नयाँ अनुहार हुन्। १०औं महाधिवेशनपछि महेशबाहेकका नेताहरू पृष्ठ २ मा

## तारो बनाइएका शंकर

*ओली प्यानलका महासचिव उम्मेदवार शंकर पोखरेल ११औं महाधिवेशनमा गुटभित्र र बाहिरबाट तारो बनाइएका छन्। उनलाई दोहोरिनबाट रोक्न समूहभित्रैबाट उपाध्यक्ष विष्णु पौडेल, उपमहासचिवद्वय प्रदीप ज्ञवाली र पृथ्वीसुब्बा गुरुङले कोसिस गरेका थिए। केही समय ओली उनलाई पदोन्नति बनाएर उपाध्यक्ष बनाउने मनस्थितिमा पनि पुगेका हुन्। तर उपाध्यक्षमध्ये पहिलो वरीयतामा को हुने भन्नेमा समस्या देखियो। पोखरेल स्वयंले पनि महासचिवमै दोहोरिन चाहेपछि ओलीले सूची घोषणा गरे। ओली गुटमा महासचिव को हुने भन्ने* पृष्ठ २ मा

अर्थतन्त्रको रिपोर्ट कार्ड

# बाह्य सूचक बलियो, आन्तरिक सुस्त




- विदेशी विनिमय सञ्चिति ३० खर्ब ५५ अर्ब
- चालु खाता बचत २ खर्ब ७९ अर्ब ६५ करोड
- शोधनान्तर बचत ३ खर्ब १८ अर्ब ४० करोड
- चार महिनामा रेमिट्यान्स ६ खर्ब ८७ अर्ब १३ करोड
- वाणिज्य बैंकको कर्जा प्रवाह १.३ प्रतिशत बढ्यो
- विकास बैंकको कर्जा प्रवाह ०.१ प्रतिशतले घट्यो

छवि सापकोटा/मध्यान्ह
काठमाडौं २९ मंसिर

नेपालको बाह्यमा देखिएको निरन्तर सुधारले आर्थिक स्थिति बलियो देखिएको छ। नेपालमा राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको तथ्यांकमा रेमिट्यान्स उच्च वृद्धि, पर्याप्त विदेशी विनिमय सञ्चितिले देशको शोधनान्तर स्थिति र चालु खातामा देखिएको बचतले समग्र आर्थिक स्थिति बलियो बनेको हो। चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म विदेशी मुद्रा सञ्चिति ३० खर्ब ५५ अर्ब ५२ करोड रुपैयाँ पुगेको छ। गत असारको तुलनामा यो १४ दशमलव १ प्रतिशतले बढेको हो। गत असारमा कुल विदेशी मुद्रा सञ्चिति २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँ थियो। यस्तै, अमेरिकी डलरमा विदेशी सञ्चिति १० दशमलव ३ प्रतिशतले वृद्धिले बढेर २१ अर्ब ५२ करोड पुगेको छ। २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेको राष्ट्र बैंकले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ को चार महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २० दशमलव ८ महिनाको वस्तु आयात र १७ दशमलव ४ महिनाको वस्तु तथा सेवा आयात गर्न सकिने राष्ट्र बैंकले जनाएको छ। केही वर्षअघि विदेशी सञ्चिती सात महिनालाई मात्र पुग्ने अवस्थामा नेपाल आर्थिक संकटमा जाने चर्चाले राष्ट्र बैंकले आयातमा नै कडाइ गर्नुपरेको थियो। तर पछिल्लो समय रेमिट्यान्स, आयात र निर्यातमा देखिएको सुधारले आर्थिक स्थिति बलियो बनेको हो। बाह्य सूचकहरू बलियो हुँदै गर्दा आन्तरिक अर्थतन्त्रमा समेत सुधार हुन सकेको छैन। निजी लगानीकर्ताको मनोबल बढ्न नसक्दा कर्जा प्रवाह बढ्न सकेको छैन। कात्तिक मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा कर्जा प्रवाह १ दशमलव २ प्रतिशत मात्र गएको छ। ४ महिनामा ६५ अर्ब ४ करोड मात्र कर्जा गएको थियो। अघिल्लो वर्षको सोही अवधिमा १ खर्ब २८ अर्ब ४७ करोड कर्जा विस्तार भएको थियो। कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२ दशमलव ६ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७ दशमलव ४ प्रतिशत रहेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको र वित्त कम्पनीहरूका कर्जा प्रवाह १ दशमलव ३ प्रतिशतले

बढेको छ भने विकास बैंकहरूको कर्जा प्रवाह शून्य दशमलव १ प्रतिशतले घटेको छ।

यस्तै, नेपालको चालु खाता र शोधनान्तर स्थितिसमेत बलियो बनेको छ। चार महिनामा चालु खाता २ खर्ब ७९ अर्ब ६५ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता १ खर्ब ४७ अर्ब ७८ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब १० करोडले बचतमा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## समस्याका विवरण ल्याउन संघलाई मन्त्रीको आग्रह

मध्यान्ह संवाददाता
काठमाडौं, २९ मंसिर




नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले छिटो समाधान गर्न सकिने समस्याहरूको विवरण पेस गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई आग्रह गरेका छन्।

नवनियुक्त मन्त्री भण्डारीलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिन सोमबार मन्त्रालय गएको संघ प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै मन्त्री भण्डारीले सो आग्रह गरेका हुन्।

युवाहरूको रोजगारी व्यवस्थापनका लागि मन्त्रालयमा नै जेनजी कक्ष राखेर काम गर्ने लगायतका विषयलाई प्राथमिकतामा राखेका नवनियुक्त मन्त्री भण्डारीले सम्भव सुधारका लागि आफू तयार रहेको जानकारी पृष्ठ २ मा

## रिंगेट महँगिदै

**काठमाडौं/मस-** नेपाली मुद्राको तुलनामा मलेसियाको मुद्रा रिंगेट एक वर्षको अवधिभित्र ४ प्रतिशतभन्दा बढीले महँगो भएको छ। गत जनवरीमा एक मलेसियन रिंगेटको ३३ रुपैयाँ ९९ सय पैसा रहेकोमा सोमबार अर्थात् १५ डिसेम्बरमा एक रिंगेटको ३५ रुपैयाँ ३५ पैसा पुगेको छ।

लामो समय ३०/३१ रुपैयाँको हाराहारीमा रहेको मलेसियन रिंगेट गत वर्षदेखि नेपाली तथा अमेरिकी डलरको तुलनामा बलियो देखिएको हो। मलेसियाली रिंगेट बलियो बन्दा त्यहाँ पृष्ठ २ मा

## वैदेशिक रोजगारीमा जाने घटे

**काठमाडौं/मस-** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकमा वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा अघिल्लो वर्षको तुलनामा करिब ३२ हजारले कमी आएको छ। नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको चार महिनाको अवधिमा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत पृष्ठ २ मा



# निर्वाचन पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति

**काठमाडौं/मस-** निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति दिएको छ । आयोगले २७ राष्ट्रिय र चार अन्तर्राष्ट्रिय संस्थालाई निर्वाचनमा पर्यवेक्षण गर्न अनुमति दिएको हो ।

आयोगले गत कात्तिक ११ गते प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट निवेदन आह्वान गरेको थियो । त्यसमा ४४ वटा राष्ट्रिय र पाँच वटा अन्तर्राष्ट्रिय संस्थाबाट निवेदन प्राप्त भएको आयोगले जनाएको छ ।

पर्यवेक्षणका लागि आवेदन गरेका संस्थामध्ये निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ मा तोकिएका आधार र प्रक्रिया पूरा गरेका ती संस्थालाई पर्यवेक्षण गर्न अनुमति दिने गरी निर्णय भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।




निर्वाचन पर्यवेक्षण निर्देशिका बमोजिम आवश्यक पर्ने कागजात पेस नगरेका संस्थालाई पाँच दिनभित्र थप कागजात बुझाउन पत्राचार गरिएको उनको भनाइ छ । माग भएबमोजिमका कागजात प्राप्त भएपछि आवश्यक ती संस्थाका बारेमा निर्णय हुने आयोगले स्पष्ट पारेको छ ।

अनुमति पाएका राष्ट्रिय संस्थामा डेमोक्रेसी रिसोर्स सेन्टर, नेपाल, सामूहिक अभियान, नेपाल मानव अधिकार संगठन, युवा वकालत नेपाल, निर्वाचन पर्यवेक्षण समिति, नेपाल, लोकतन्त्र तथा निर्वाचन सरोकार, नेपाल, गैरसरकारी संस्था महासंघ, नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), संघीय बहसमा युवा, सामाजिक परिचालन तथा चेतना अभिवृद्धि समूह, नेपाल, नेपाल मतदाता अधिकार मञ्च, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), राष्ट्रिय अपांग महासंघ, नेपाल छन् ।

यस्तै मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल, सुशासन महासंघ, नेपाल, अन्तर्राष्ट्रिय युएनएचआर काउन्सिल नेपाल, राष्ट्रिय व्यावसायिक पहल, महिला कानुन र विकास मञ्च, बागीश्वरी असल शासन क्लब (बास), समृद्ध आधार, नेपाल, कानुनी न्यायिक अध्ययन प्रतिष्ठान, महिला सेवा संस्था, नेपाल, युवालय, विश्व उपभोक्ता महासंघ, नेपाल, उन्नत नेपाल, प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल, र सञ्चारिका समूह नेपाल छन् । यसैगरी, अन्तर्राष्ट्रिय संस्थाहरूमा द कार्टर सेन्टर, अमेरिका, एसिया नेटवर्क फर फ्रि इलेक्सन, द मल्टिडिसिप्लेनरी इन्स्टिच्युट अफ ट्रेनिङ एण्ड लर्निङ मासाचुशेट्स, इन्टरनेशनल रिपब्लिकन इन्स्टिच्युट रहेका छन् ।

# देवेन्द्र गौतम पत्रकारिता पुरस्कारका लागि तीन जना छनोट

**काठमाडौं/मस-** नेपाली पत्रकारितामा दीर्घकालीन, संस्थागत र अन्तर्राष्ट्रिय योगदान पुऱ्याएका तीन पत्रकारलाई देवेन्द्र गौतम पत्रकारिता पुरस्कार २०२६ प्रदान गरिने भएको छ ।

यसैसँगै, उक्त पुरस्कार अबदेखि प्रत्येक वर्ष फेब्रुअरी १३ मा स्व. देवेन्द्र गौतमको जन्मजयन्तीका अवसरमा प्रदान गरिने निर्णय पनि गरिएको छ ।

देवेन्द्र गौतम पत्रकारिता पुरस्कार समितिका अनुसार यसअघि स्मृति दिवसमा प्रदान गरिँदै आएको पुरस्कार अब जन्मजयन्तीमा प्रदान गरिनेछ । करेन्ट मिडिया एन्ड रिसर्च सेन्टरका अध्यक्ष तथा स्व.देवेन्द्र गौतमकी धर्मपत्नी प्रदीपा गौतमको पहलमा यो परम्परामा परिवर्तन गरिएको हो ।

'स्मृतिदिवसभन्दा जीवन र योगदानलाई उत्सवका रूपमा सम्झनु उचित ठानेका छौं,' अध्यक्ष प्रदीपा गौतमले भनिन्, 'देवेन्द्र गौतमले अँगालेका मूल्य र पत्रकारिताको भावना जीवित रहोस् भन्ने उद्देश्यले अब पुरस्कार जन्मजयन्तीका दिन प्रदान गरिनेछ ।' यसपटक जनआस्था साप्ताहिकका प्रधान सम्पादक तथा विश्व प्रेस काउन्सिलका उपाध्यक्ष वरिष्ठ पत्रकार किशोर श्रेष्ठलाई नेपाली पत्रकारितामा पुऱ्याएको दीर्घकालीन र विशिष्ट योगदानको कदर गर्दै देवेन्द्र गौतम पत्रकारिता पुरस्कार २०२६ प्रदान गरिनेछ । निडर खोज पत्रकारिता, सम्पादकीय स्वतन्त्रता र प्रेस स्वतन्त्रताको पक्षमा उनको निरन्तर योगदानले नेपाली पत्रकारितालाई मजबुत बनाएको समितिको ठहर छ । उनलाई सम्मानपत्रसहित एक लाख रुपैयाँ प्रदान गरिनेछ ।



यस्तै, करेन्ट पब्लिकेशनमा ३५ वर्षभन्दा बढी समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आएका प्राविधिक हरिबहादुर थापा मगरलाई संस्थागत स्थायित्व, निष्ठा र दीर्घ सेवाको कदरस्वरूप देवेन्द्र गौतम पत्रकारिता पुरस्कार २०२६ प्रदान गरिनेछ । उनलाई सम्मानपत्रसहित ५० हजार रुपैयाँ प्रदान गरिने समितिले जनाएको छ ।

त्यसैगरी, चाइना न्युज सर्भिसका वरिष्ठ पत्रकार झाङ छनयी (चीन)लाई नेपाल-चीन सञ्चार सम्बन्ध र अन्तर ाष्ट्रिय पत्रकारितामा पुऱ्याएको योगदानको कदर गर्दै देवेन्द्र गौतम पत्रकारिता पुरस्कार २०२६ प्रदान गरिनेछ । उनले नेपालका राजनीति, अर्थतन्त्र, समाज र संस्कृतिसम्बन्धी करिब तीन हजार समाचार, तस्बिर तथा भिडियो रिपोर्ट प्रकाशन गरेका छन्, जसले नेपालको अन्तर्राष्ट्रिय पहिचान विस्तारमा भूमिका खेलेको समितिले जनाएको छ । उनलाई सम्मानपत्रसहित ५० हजार रुपैयाँ प्रदान गरिनेछ ।

नेपाली पत्रकारिताका अग्रणी व्यक्तित्व तथा नेपाल पोस्टका संस्थापक स्व.देवेन्द्र गौतमको स्मृतिमा स्थापना गरिएको यो पुरस्कार सत्य, निष्ठा, जनउत्तरदायित्व र दीर्घकालीन पत्रकारिता योगदानको सम्मान गर्ने उद्देश्यले प्रदान हुँदै आएको छ ।

अबदेखि पुरस्कार जन्मजयन्तीका दिन प्रदान गरिने भएकाले यसले स्मरणभन्दा उत्सव र शोकभन्दा प्रेरणाको सन्देश दिने अपेक्षा गरिएको छ । पुरस्कार वितरण समारोहसम्बन्धी विस्तृत कार्यक्रम पछि सार्वजनिक गरिने जनाइएको छ ।

# रोल्पामा नेपाली कम्युनिस्ट पार्टीको एकता सन्देश सभा




**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २९ मंसिर

रोल्पाको परिवर्तन गाउँपालिका-५ पुतलाचौरमा नेपाली कम्युनिष्ट पार्टीको एकता सन्देश सभा सोमबार सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष हरिप्रसाद बुढा मगरको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि पार्टीका केन्द्रीय महाधिवेशन आयोजक समिति सदस्य राजबहादुर बुढा मगर थिए । विशिष्ट अतिथिमा लुम्बिनी प्रदेश अधिवेशन आयोजक समिति सदस्य तथा रोल्पा जिल्ला अध्यक्ष टंकबहादुर बुढा रहेका थिए ।

यसैगरी, लुम्बिनी प्रदेश अधिवेशन आयोजक समिति सदस्यहरू हितकुमारी बुढा मगर, मनप्रसाद घर्ती, सुकबहादुर बुढा मगर, प्रदेश सल्लाहकार दलबहादुर बुढा मगर, प्रदेश सदस्य मनबहादुर बुढा तथा जिल्ला सदस्य कलादेवी खत्री लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रमको सुरुवातमा गाउँपालिका उपाध्यक्ष देवबहादुर बुढा मगरले स्वागत मन्तव्य राखेका थिए ।

**ओली...**

परिणाम आउनेछ ।' थापाले भनेझैं आइतबारसम्म ओलीको पक्षमा खुलेर लागेका नेताहरू ओलीको साथ छाडेका छन् । यसबाट ओलीमाथि दबाब बढाएको छ । ओलीले महाधिवेशन उद्घाटन कार्यक्रम सञ्चालकको भूमिका दिएसँगै महाधिवेशन प्रतिनिधिहरूले महासचिवको उम्मेदवार आँकलन गरेका उपमहासचिव प्रदीप ज्ञवालीले ओलीको समूहबाट तय भएको उपाध्यक्षमा उम्मेदवारी दिएनन्। उनले केन्द्रीय सदस्यमा मात्रै उम्मेदवारी मनोनयन गरे । महासचिवमा दाबी गर्दै आएका ज्ञवालीलाई रोकेर ओलीले साबिककै महासचिव शंकर पोखरेललाई अगाडि सारेपछि उनी मन दुखाउँदै बाहिरिए । टिमको सूची बनाउने अन्तिम छलफलमा समेत ज्ञवालीले आफू महासचिवबाहेकको पदमा उम्मेदवारी नदिने अडान लिएका थिए । तर उपाध्यक्षको सूचीमा राखिएपछि ओलीको सो निर्णय उनले अस्वीकार गरेका हुन् । उनले भने, 'म एमालेको पदाधिकारी थिएँ । पार्टीमा सबैलाई प्रतिस्पर्धा गर्ने समान अवसर हुन्छ भन्ने थियो । तर एउटै व्यक्तिलाई दोहोऱ्याइराख्ने प्रवृत्ति उचित भएन । मेरो मन एकदमै दुखेको छ । मैले केन्द्रीय सदस्य मात्रै उम्मेदवारी दिएको छु ।'

अध्यक्ष ओलीले तेस्रोपटक नेतृत्वमा आउन वैधानिक मापदण्ड हटाएका थिए । त्यहीबाट आन्तरिक असन्तुष्टि चुलिएको एमालेमा नेतृत्व हस्तान्तर र पुस्तान्तरणको मुद्दा बोकेर पोखरेलले ओलीमाथि काउन्टर दिने टिम तयार भएको नेताहरूले दाबी गरे । यो महाधिवेशनमा कुनै प्रतिस्पर्धामा नउत्रिने घोषणा गरेकी एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले नेतृत्वमाथि निकै टिप्पणी भइरहेको बताइन् । उनले मध्यान्हसँग भनिन, 'पार्टीमा नेतृत्व हस्तान्तर र पुस्तान्तरणको विषयमा व्यापक छलफल भएकै थियो । तर ओली कमरेडले तीनपटक नेतृत्वमा जाने सोच बनाउनु नै गलत भयो । हामीले पार्टीलाई विधि विधान र पुस्तान्तरणको एजेन्डा स्थापित गराउन ईश्वर पोखरेलको समूह बनाएर महाधिवेशनमा जान बाध्य भयौं ।'

ओली प्यानलमा सदस्यमा परेका लालबाबु पण्डितले सचिव पदमा उम्मेदवारी दिएका छन् । यसअघि उनी प्रशिक्षण विभाग प्रमुख थिए । १०औं महाधिवेशनमै पदाधिकारीको आकांक्षी पण्डित ओलीको टिमबाट उपाध्यक्ष बन्न खोजेका थिए । त्यसो नहुँदा पदाधिकारी पाउनेमा पक्का थिए । तर उनीभन्दा जुनियरलाई अघि बढाएर ओलीले पदाधिकारीको सूचीमा नपारेपछि रिसाउँदै फर्किएका थिए । उनले कुन प्यानलबाट उम्मेदवारीभन्दा पनि सचिवमा उम्मेदवारी दिएको बताए । 'अहिले टिमको कुरा कुरा नगरौं । मैले सचिव पदमा उम्मेदवारी दिएको छु । आमप्रतिनिधिहरूले न्याय गर्नुहुन्छ भन्नेमा ढुक्क छु', पण्डितले भने ।

आफैंलाई सर्वस्वीकार्य पात्रका रूपमा अघि बढाउने ओलीको प्रयत्नमाथि अन्तिम घडीमा आएर उनीनिकटका नेताहरूले असहयोग गर्ने स्थिति बनेको छ । आफूहरूले आकांक्षा राखेको पदाधिकारी नबनाएपछि विगतमा साथ दिएका नेताले अध्यक्ष ओलीको साथ छाडेको बताए । तत्कालीन ओली सरकारमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रहेका रघुजी पन्त, प्रचार विभाग प्रमुख राजेन्द्र गौतम, नेता कृष्णगोपाल श्रेष्ठ र गोकुल बास्कोटाले ओलीको साथ छोडेका छन् । बास्कोटा अलि अघिदेखि ओली समूहबाट टाढै थिए । त्यस्तै, प्रदीप ज्ञवाली, लालबाबु पण्डितसहितको नेताहरू पनि ओलीसँग असन्तुष्ट छन् । तथापि, महाधिवेशनको प्रतिनिधि संख्या हेर्दा ओलीका पक्षमा बहुमत देखिन्छ ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विगत केही समयदेखि ओलीको काउन्टरमा राजनीतिक अभियानले चलाउँदै आएकी थिइन् । ओलीले पार्टीको संगठित सदस्यता खारेज गरिदिएपछि ओलीप्रति आक्रामक बनेकी विद्याकै बलमा पोखरेलले बनाएको टिममा नेताहरू थपिँदै गर्दा ओलीका पक्षमा नेता घटेको बताइएको छ । ओलीको टिममा पूर्वउपाध्यक्ष तथा संविधानसभा अध्यक्ष सुवास नेम्वाङपुत्र सुहाङ पनि परेनन् । गत उपनिर्वाचनमा सुहाङले इलामबाट सांसद जितेका थिए । युवाको समूहबाट उनी केन्द्रीय सदस्य बन्न चाहेका छन् । कुनै सूचीमा नपरे पनि आफूले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएको सुहाङ नेम्वाङले बताए । ओली समूहबाट सचिव लड्न चाहेका प्रचार विभाग प्रमुख गौतमले स्वतन्त्र रूपमा उपमहासचिव पदमा उम्मेदवारी दर्ता गरेका छन् । 'अब म स्वतन्त्र उम्मेदवारको रूपमा उपमहासचिव लड्छु,' उनले भने । लामो समय अध्यक्ष ओलीका निकट रहेका श्रेष्ठले आफूलाई अपमान र अन्याय गरिएको भन्दै उनी पोखरेलको सूचीमा सचिव छन् । यस्तै, ओली टिमको सदस्य पद छोडेर अग्नि खरेलले पनि सचिवमा उमेद्वारी दिएका छन् ।

**दुई गुटमा...**

कमिटीमा तीन जना मात्र महिला नेता हुनेछन् । नेकपा एमालेको उपाध्यक्ष अष्टलक्ष्मी शाक्य पार्टीको नेतृत्वहरूमा अझै पनि महिलाहरूले पार्टीको नेतृत्व गर्न सक्दैनन् भन्ने मानसिकता भएको बताउँछिन् । 'यो मानसिकतामा परिवर्तन आउन जरुरी छ,' उनले भनिन्, 'राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश, प्रधानमन्त्री चलाएका महिलाले पार्टी चलाउन नसक्ने भन्ने नै हुँदैन ।'

राजनीतिक संगठनको नेतृत्वमा पुग्न महिलालाई परम्परागत सोच, वित्तीय साधनको कमी, क्षमता अभिवृद्धि, लैंगिक विभेद आदिले असर पारेको देखिन्छ ।

देशको वर्तमान राजनीतिमा महिला नेतृत्वको सहभागिता न्यून छ २०४६ सालको जनआन्दोलनको समयमा पनि नेपाली महिलाले नेतृत्वदायी भूमिका पाएका थिए । तर त्यसभन्दा माथिको भूमिका राजनीति पार्टीको भूमिकामा छैनन् ।

जनआन्दोलन २०४६ दुई प्रमुख शक्ति प्रजातान्त्रिक र वामपन्थीको एकताबाट सम्भव भएको थियो । प्रजातन्त्रवादी कित्ताको नेतृत्व गणेशमान सिंहको थियो भने वाममोर्चा अध्यक्ष थिइन्, सहाना प्रधान । सात वामपन्थी घटक मिलेर बनेको संयुक्त वाममोर्चाको नेतृत्व तिनै सहानाले गरेकी थिइन्, जो नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संस्थापक महासचिव पुष्पलालकी पत्नी हुन् ।

पार्टीभित्रको गुटफुट र प्यानलले महिलाहरू पदाधिकारीमा पर्न सकेका छैनन् । जनआन्दोलन २०६२/६३ पछि महिला सहभागिता बढाउन संवैधानिक र कानुनी व्यवस्था भएका छन् । संवैधानिका रूपमा महिलालाई सहभागिता गराए पनि पार्टीको नेतृत्वमा पुऱ्याउन सकिरहेका छैनन् । महिला संगठनहरूले नेपाली इतिहासमा तत्कालीन निरंकुश राणाशासनविरुद्ध र प्रजातन्त्र प्राप्तिका लागि पुरुषसँगै लडेका थिए । २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि २०४६ सालसम्म पटकपटकका आन्दोलनमा महिलाले भाग लिएका छन् ।

२०१७ सालमा राजालाई कालो झन्डा देखाउँदा कांग्रेस नेता शैलजा आचार्य १३ वर्षकी मात्र थिइन् । उनी त्यसै अभियोगमा तीन वर्ष जेल बसिन् । कांग्रेस मात्र होइन, वाम दलमासमेत कैयन् महिलाले क्रान्तिकारी भूमिका निर्वाह गरेका छन् । तर तिनले कहिल्यै नेतृत्वमा भूमिका पाएनन् ।

२०१५ सालको पहिलो प्रतिनिधि सभाको निर्वाचनमा निर्वाचित भई द्वारिकादेवी ठकुरानी नेपालको इतिहासमा पहिलो महिलामन्त्री बनेकी थिइन् । त्यसपछि पनि विभिन्न आमनिर्वाचनमा महिलाहरूले प्रतिनिधित्व गर्दै आएका छन् । २०८२ सालसम्म आइपुग्दा महिला दलमा जति आउनुपर्ने हो, त्यति सहभागिता देखिएको छैन ।

नेपाली राजनीतिको इतिहासमा बिपी कोइराला, मदन भण्डारी र प्रचण्डहरूको नाम आइरहँदा इतिहासमा पनि महिला सहभागिता थियो नै । प्रजातन्त्र स्थापनापछिको सात दशकमा महिला राज्यका उच्च तहमा नपुगेका भने होइनन् । मुलुकले इतिहासमै पहिलोपटक राष्ट्रप्रमुखदेखि राज्यकाका मुख्य निकाय महिलाले सम्हालेका छन् ।

उच्च निकायका प्रमुखमा राष्ट्रपति विद्यादेवी भण्डारी, सभामुख ओनसरी घर्ती र प्रधानन्यायाधीश र प्रधानमन्त्री सुशीला कार्की हुँदा विश्वभर नै महिला नेतृत्वको चर्चा भयो । तर नेताहरूले पार्टी चलाउन अझै नेतृत्व दिन तयार छैनन् ।

राजनीतिमा महिला सहभागिता बढाउन सबै निकाय र स्तरमा महिलाको कम्तीमा पनि ३३ प्रतिशत सहभागिता अनिवार्य गरे पनि पार्टीमा नेतृत्व दिन तयार नभएको उपाध्यक्ष शाक्य बताउँछिन् । 'पार्टीको पदाधिकारीमा पुरुषपुरुष बीचमा मात्रै प्रतिस्पर्धा हुने गरेको छ,' उनले भनिन्, 'सामाजिक तथा राजनीतिक अवस्थाका कारण उनीहरू नेतृत्व ठाउँमा पुगेका छैनन् ।'

पूर्वशिक्षामन्त्री विद्या भट्टराईले पार्टीमा महिलालाई प्रोत्साहन गर्ने वातावरण नभएको बताइन् । एमाले महाधिवेशनमा दुई प्यानल बनेपछि उनले उम्मेदवारी दिइनन् । 'एक त पार्टीमा पदाधिकारी पुऱ्याउने संख्यामा पुरुषको नै प्रतिस्पर्धा हुन्छ,' भट्टराईले भनिन्, 'अझै पनि महिलाई पदाधिकारीमा आउनुपर्छ भन्ने अनुरोध गर्नुपर्छ तर त्यस्तो देखिँदैन ।' महिला सक्षम भए पनि आफैं दाबी नगरेको पनि उनको बुझाइ छ । 'पार्टीमा सक्षम महिला हुनुहुन्छ तर आफैं आउँछु भनेर दाबी गर्नुहुन्न,' उनले भनिन् ।

पार्टीको पदाधिकारीमा महिलालाई ३३ प्रतिशत सहभागी गराउनुपर्ने भनिए पनि लागू नभएको बताइन् । कम्तीमा कोटा प्रणालीमा भए पनि दुई महिलालाई राख्नुपर्ने बाध्यकारी छ, त्यो पनि प्यानलकै कारण महिला आउन सक्ने चान्स कम हुन्छ,' उनले भनिन् । भट्टराईले प्राज्ञिक क्षेत्रमा नै समय दिनुपर्ने भएकाले पार्टीमा उमेद्वारी नदिएको बताइन् । पार्टीमा म आवश्यकताले भएको हुँ तर म प्राज्ञिक क्षेत्रमा व्यस्त छु ।'

**ओली...**

स्थायी कमिटी सदस्य थिए । बस्नेत भने यसअघि पोलिटब्युरो सदस्य थिए ।

**तारो...**

*विवादले सुरेन्द्र पाण्डेलाई चुनाव जित्न सहयोग पुग्ने विश्लेषणसहित ईश्वर पोखरेल समूह उत्साहित देखिन्छ ।*

*महासचिवको दौडमा रहेका ज्ञवाली पदाधिकारी टिमबाट बाहिरिए भने भित्रभित्रै असन्तुष्टि बढेको छ । त्यसको सोझो असर पोखरेललाई पर्ने सम्भावना छ । 'शंकर कमरेडलाई सबैले तारो बनाएका छन् । यो भोलिको नेतृत्व को हुनेभन्ने कोणबाट पनि होला । तर, संस्थापनको मत दायाँबायाँ हुन्न भन्ने विश्वास छ' पोखरेलको सचिवालयका एक सदयले भने । एमालेभित्र ओलीलाई छाता मानेर शंकर र विष्णु पौडेलका दुई गुट सक्रिय छन् । उनीहरूमध्ये को पहिलो नेता बन्ने अस्वाभाविक प्रतिस्पर्धाले ओली समूहलाई धक्का लाग्न सक्छ । तर, त्यसको प्रभाव देशभर नभएकाले संस्थापनइतरले चाहेजस्तो नतिजा नआउने दाबी ओली पक्षको छ । नेता विष्णु रिमाललाई उपमहासचिव दोहोऱ्याइएकोमा पनि असन्तुष्टि छ । भानुभक्त ढकाललाई उपमहासचिवमा राखिएको थियो । लेखराज भट्टले सचिवमा नदोहोरिने अड्डी लिएपछि ढकाललाई सचिवमा झारेर भट्टलाई उपमहासचिव बनाइएको थियो ।*

**बाह्य...**

रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब ९९ करोडले बचतमा रहेको राष्ट्र बैंकले जनाएको छ । कात्तिकसम्म शोधनान्तर स्थिति ३ खर्ब १८ अर्ब ४० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २ खर्ब ५ अर्ब ८३ करोड बचतमा रहेको थियो । यस्तै रेमिट्यान्स आयातले अर्थतन्त्रलाई थप मजबुद बनाएको छ । आर्थिक वर्ष २०८२/८३ को चार महिनामा ३१ दशमलव ४ प्रतिशतले रेमिट्यान्स बढेर ६ खर्ब ८७ अर्ब १३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स ९ दशमलव ४ प्रतिशतले बढेर १ खर्ब १४ अर्ब ३१ करोड रहेको थियो । रेमिट्यान्स आएको मध्ये अमेरिकी डलरमा २५ दशमलव ३ प्रतिशतले वृद्धि भई ४ अर्ब ८८ करोड पुगेको छ ।

**समस्याका...**

दिँदै समस्या समाधानको खाका लिखित रूपमा पेस गर्न आग्रह गरेको संघका अध्यक्ष भुवनसिंह गुरुङले मध्यान्ह दैनिकलाई बताए ।

जिट्को लाइसेन्स नवीकरण समस्या, युएईका लागि प्रहरी चालचलन रिपोर्ट प्रमाणित, लागत परिभाषित गरेर सेवा शुल्क निर्धारणलगायतका समस्या राखेपछि मन्त्री भण्डारीले समाधान हुनुपर्ने समस्या एकीकृत गरेर छलफलमा आउन आग्रह गरेको अध्यक्ष गुरुङले बताए । मन्त्री भण्डारीले जेनजीको समेत प्रतिनिधित्व रहने गरी मन्त्रालयमा सेल स्थापना गर्ने बताएका छन् । उनले व्यवसायीका समस्या समाधानका क्रममा पनि जेनजीसँग सहकार्य गर्ने मनसाय व्यक्त गरेका थिए ।

पदबहालीपछि मन्त्री भण्डारीले प्रधानमन्त्रीले सुशीला कार्कीले जेनजीको भावनाअनुरूप काम गर्न निर्देशन दिएकाले सोहीअनुसार आफूले काम गर्ने बताएका थिए । आफ्नो पहिलो प्राथमिकतामा नै जेनजीको भावना रहने उनको भनाइ छ ।

अध्यक्ष गुरुङको नेतृत्वमा संघका सल्लाहकार तथा कार्यसमिति पदाधिकारी, सदस्यसहित घटक संस्थाका प्रतिनिधिहरू मन्त्रालय गएका थिए ।

**वैदेशिक...**

नयाँ अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या १ लाख ४५ हजार ९ सय ७३ र पुनः श्रम स्वीकृति लिनेको संख्या १ लाख २७ हजार ८ सय ३७ रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा नयाँ श्रम स्वीकृति लिनेको संख्या १ लाख ४७ हजार ४ सय ७८ र पुनः श्रम स्वीकृति लिनेको संख्या ९४ लाख १ सय ५ रहेको थियो । यो तथ्यांकले संस्थागत रूपमा श्रम स्वीकृति लिनेको संख्या करिब २ हजार र पुनः श्रम स्वीकृति लिनेको संख्यामा करिब ३२ हजारले कमी देखिएको छ ।

वैदेशिक रोजगारमा जानेको संख्यामा कमी आएपनि चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकमा रेमिट्यान्स आप्रवाह ३१ दशमलव ४ प्रतिशतले वृद्धि भएको छ । उक्त वृद्धिपछि चार महिनाको अवधिमा करिब सात खर्ब रेमिट्यान्स भित्रिएको बैंकले बताएको छ ।

गत कात्तिक महिनासम्म विप्रेषण आप्रवाह ३१ दशमलव ४ प्रतिशतले वृद्धि भई ६ खर्ब ८७ अर्ब १३ करोड पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ । गत कात्तिक महिनामा मात्रै एक खर्ब ३३ अर्ब ८२ करोड रुपैयाँ बराबर विप्रेषण भित्रिएको छ । रेमिट्यान्स वृद्धि हुनुमा मलेसियामा नेपाली कामदारको तलबमा भएको वृद्धि प्रमुख कारण मानिएको छ ।

**रिंगेट..**

औपचारिक रूपमा कार्यरत ४ लाख बढी नेपाली कामदार र थप अवैधानिक हैसियतमा रहेका नेपालीको आम्दानी बढेको देखिएको छ । रिंगेट बलियो भएपछि आप्रवासी कामदारसहितलाई विदेशी उत्पादनहरू किन्न, यात्रा गर्न वा विदेशमा अध्ययनका लागि राहत पुगेको बताइएको छ । रिंगेट बलियो भएपछि मलेसियामा विदेशी सामानको मूल्य कम्तीमा ५ प्रतिशत सस्तो भइसकेको छ ।

रिंगेट बलियो हुँदा मलेसिया आउने पर्यटकको संख्या घट्ने त्रास भने बढेको छ । रिंगेट बलियो बन्दा विदेशी पर्यटकहरूलाई मलेसिया जान र बस्नका लागि पहिलेको तुलनामा बढी खर्च गर्नुपर्नेछ ।

**कतारमा रोजगार**
कम्पनी : BHP GLOBAL TRADING AND SERVICES
पूर्व स्वीकृत मितिः २०८२/०८/२९ चलानी नं.: ६०२४८८१३
शहरः DOHA
LT. No.: 335241

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Cleaning Worker | 10 | 4 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen. Clean Worker | 0 | 1 | | 1000 | ३९,६१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ८ गते (23 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RADIANT OVERSEAS P. LTD.
Govt Lic. No. 1016/068/069
Bhimsengola _09, Jamunagalli, Kathmadu , Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८२ साल पुष महिना १ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय चन्द्रपुरबाट तपशिलमा उल्लेखित विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

**१) कर्जा शीर्षक : मोटगेज आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| धनदारी हजराको नाति महादेब हजराको छोरा रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ८ हाल, बृन्दावन न.पा. वडा नं. ६ बस्ने **प्रभु हजरा** (ना.प्र.नं. : ४८ जारी मिति र जिल्ला : २०५९/०४/०९, रौतहट) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) महादेब हजराको बुहारी प्रभु हजराको पत्नी रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ८ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **इन्दु देबी** (ना.प्र.नं. : ३२३०८४/१०१९ जारी मिति र जिल्ला : २०६४/०१/१३, रौतहट) |
| २) महादेब हजराको नाति प्रभु हजराको छोरा रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. ६ बस्ने **अर्जुन कुमार पासवान** (ना.प्र.नं. : ३२-०२-७५-१२९६ जारी मिति र जिल्ला : २०७५/०३/१२, रौतहट) |

**२) कर्जा शीर्षक : साधारण आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| महादेब हजराको बुहारी प्रभु हजराको पत्नी रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ८ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **इन्दु देबी** (ना.प्र.नं. : ३२३०८४/१०१९ जारी मिति र जिल्ला : २०६४/०१/१३, रौतहट) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) धनदारी हजराको नाति महादेब हजराको छोरा रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ८ हाल, बृन्दावन न.पा. वडा नं. ६ बस्ने **प्रभु हजरा** (ना.प्र.नं. : ४८ जारी मिति र जिल्ला : २०५९/०४/०९, रौतहट) |
| २) महादेब हजराको नाति प्रभु हजराको छोरा रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. ६ बस्ने **अर्जुन कुमार पासवान** (ना.प्र.नं. : ३२-०२-७५-१२९६ जारी मिति र जिल्ला : २०७५/०३/१२, रौतहट) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# ९ वर्षपछि भूमे-७ ले पायो आफ्नै प्रशासनिक भवन

**बालाराम शेर्पाली / मध्यान्ह**
रुकुमपूर्व, २९ मंसिर

रुकुमपूर्वको भूमे गाउँपालिका-७ मा सोमबार बिहान भीड सामान्यभन्दा फरक देखिन्थ्यो । फूलमालाले सजिएको नयाँ प्रशासनिक भवनको आँगनमा उपस्थित स्थानीयहरूमा उत्साह र एउटै प्रश्न थियो, अब हाम्रो काम आफ्नै घरबाट हुनेछ त ? उद्घाटनसँगै त्यसको उत्तर पनि स्पष्ट भयो-हो, हुनेछ । भूमे गाउँपालिका-७ ले स्थानीय सरकार स्थापना भएको करिब नौ वर्षपछि आफ्नै पक्की प्रशासनिक भवन पाएको छ । यसअघि भाडाका र अस्थायी संरचनाबाट सेवा दिँदै आएका स्थानीयवासीका लागि यो भवन केवल भौतिक संरचना मात्र होइन, स्थानीय शासनको पहुँच र अनुभूतिको प्रतिक बनेको छ ।

सोमबारको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठ र भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले संयुक्त रूपमा भवन उद्घाटन गरेका छन् ।

प्रमुख अतिथि मेघबहादुर श्रेष्ठले भने,' जनयुद्ध, गणतन्त्र स्थापना र त्यसपछिका राजनीतिक परिवर्तनकै कारण आज गाउँ-गाउँमा सरकारी सेवा पुग्न सम्भव भएको छ । पहिले सिंहदरबार काठमाडौंमा मात्रै सीमित थियो, आज गाउँमै सरकार छ । स्थानीय सरकार सुदृढ बन्दै जाँदा सेवा पनि जनताको ढोकासम्म पुगेको छ ।'



गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठका अनुसार नयाँ भवन सेवा प्रवाह सुधार गर्ने आधार बनेको छ । उनले भने, ' यो भवन इँटा-सिमेन्टको संरचना मात्रै होइन, सुशासनको सुरुवात पनि हो ।' उनका अनुसार पालिकाले सबै वडामा प्रशासनिक तथा सामाजिक पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । श्रेष्ठले थपे, 'मध्यपहाडी राजमार्गको छेउमा वडा नम्बर-१ को प्रशासनिक भवन चार महिना अघि नै उद्घाटन भइसकेको छ । पालिकाभित्रका नौवटा वडामध्ये दुई वडामा पक्की संरचना निर्माण भइसकेको छ। बाँकी सात वडामा पनि साना भए पनि आफ्नै भवनबाट सेवा दिइरहेका छौं । अर्को वर्षको यही महिनासम्म वडा नम्बर-३ को भवन उद्घाटन गर्ने योजना छ ।'

उपाध्यक्ष सविना बुढा मगरले भने, ' वडा कार्यालयको आफ्नै भवन निर्माण हुनु स्थानीय सरकारको संस्थागत विकासको महत्वपूर्ण उपलब्धि हो । जनताको विश्वास जित्ने गरी सेवा दिनु हाम्रो जिम्मेवारी हो ।'

नेकपाका नेता रूपधन कामीले पनि जनयुद्ध र शहीदहरूको बलिदानकै कारण गाउँ-गाउँमा सिंहदरबार पुगेको टिप्पणी गरे । उनले भने, 'अब राज्य सञ्चालनको जिम्मा केही व्यक्तिमा सीमित छैन, जनतासम्म पुगेको छ ।'

लामो समयदेखि अस्थायी संरचनाबाट सेवा दिँदै आएको वडा कार्यालयका लागि सोमबार ऐतिहासिक दिन सावित भयो । वडाध्यक्ष संगम रोकाले नौ वर्षको प्रतीक्षापछि आफ्नै भवन पाएकोमा खुशी व्यक्त गर्दै प्रशासनिक कामकाज सहज र प्रभावकारी हुने विश्वास व्यक्त गरे । भवन निर्माणमा जग्गा दान गर्ने ढोटे रोका, धनलाल रोका, वसन्त रोका, फर्के रोका, उजेलसरी रोका, जंगे रोका र संगम रोकालाई गाउँपालिकाले कदरपत्रद्वारा सम्मान गरेको छ ।

भवन निर्माण ठेक्का रोल्पा नगरपालिका-२, शुभम् निर्माण सेवा कम्पनीले २०८० माघ २६ गते पाएको थियो र मिति २०८२ माघ २६ भित्र सम्पन्न गर्नुपर्ने थियो । तर ठेकेदारले एक महिना अघि नै काम सम्पन्न गऱ्यो । नेपाल सरकार र भूमे गाउँपालिकाको समपूरक बजेटमा २ करोड ४९ लाख ७६ हजार १४३ रुपैयाँमा भवन निर्माण सम्पन्न भएको छ ।

# अपांगतामैत्री विपद् जोखिम न्यूनीकरण ऐन बनाउन सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ मंसिर

'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५' लाई अपांगतामैत्री बनाउनुपर्ने माग गरिएको छ ।

राष्ट्रिय बहिरा महासंघ नेपाल, अपांगता भएका महिलाहरूको महासंघ नेपाल, दृष्टिविहीन अभिभावक समाज नेपाल र राष्ट्रिय सांकेतिक भाषा दोभाषे संघ नेपालको संयुक्त आयोजना र अपांगता अधिकार कोषको सहकार्यमा काठमाडौंमा आयोजित 'अपांगता समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन मस्यौदामाथि सुझाव संकलन गोष्ठी'मा उक्त माग गरिएको हो । कार्यक्रममा अपांगता अधिकारकर्मी एवं विज्ञ डा.वीरेन्द्रराज पोखरेलले अध्ययन प्रतिवेदनको मस्यौदा प्रतिवेदन प्रस्तुत गर्दै ऐनमा अपांगता भएका व्यक्तिको अधिकार, पहुँच उचित सहजीकरण, सांकतिक भाषा, ब्रेल, वैकल्पिक सञ्चारजस्ता विषय स्पष्ट रूपमा परिभाषित हुनुपर्नेमा जोड दिए ।

उनले भने, 'अपांगता भएका व्यक्तिको अधिकार ऐनअनुसार जोखिमको विश्लेषणको अभाव छ, ऐनले अपांगतालाई एकरूपताको समूहका रूपमा लिएको छ, बहिरा, दृष्टिविहीन, बौद्धिक, मनोसामाजिक अपांगताका जोखिम फरक-फरक हुन्छन् भन्ने कुरा समेटिएको छैन ।' प्रतिवेदनमा अपांगता भएका व्यक्तिहरूको सूचना, सञ्चार र आपतकालीन चेतावनीमा पहुँचको अवस्था प्राथमिकताका साथ समेटिएको छ । संयुक्त राष्ट्रसंघीय अपांगता अधिकारसम्बन्धी महासन्धिका विभिन्न धाराहरूको आधारमा बहिरा व्यक्तिहरूलाई स्वास्थ्य समस्या वा कमजोरीको दृष्टिले मात्र नभई आफ्नै भाषा (सांकेतिक भाषा), संस्कृति र पहिचान भएका नागरिकको रूपमा बुझ्नुपर्ने धारणा प्रस्तुत गरिएको छ । अध्ययनले



सीआरपीडीका विभिन्न धाराहरू (धारा २, ५, ९, ११, २१, २४, २७, २९ र ३०) को सन्दर्भमा सांकेतिक भाषालाई मान्यता दिन, सूचना र सञ्चारमा पहुँच, आपतकालीन अवस्थामा सुरक्षा, शिक्षा, रोजगारी, राजनीतिक र सांस्कृतिक सहभागिताको अधिकारलाई स्पष्ट रूपमा उजागर गरेको छ । साथै, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई अपांगता समावेशी दृष्टिले विश्लेषण गर्दा ऐन अझै संरक्षणमुखी र सामान्य रहेको निष्कर्षमा पुगिएको छ ।

गोष्ठीका सहभागीहरूले बहिरा व्यक्तिहरूका लागि विपद् जोखिम अपांगताको कारणले नभइ ध्वनी-केन्द्रित चेतावनी प्रणाली, सांकेतिक भाषा र दृश्य सूचनाको अभाव तथा आपतकालीन अवस्थामा दोभाषे नहुनुजस्ता संरचनागत कारणले बढ्ने भएकाले यसलाई सञ्चार-आधारित जोखिमको रूपमा बुझ्नुपर्नेमा जोड दिएका थिए । यस्तै ग्रामीण क्षेत्रमा बहिरा समुदायबीच सांकेतिक भाषाको प्रयोग र प्रवर्द्धन, नीति निर्माणदेखि कार्यान्वयनसम्म अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, स्थानीय तहका विपद् व्यवस्थापन समिति र कार्यटोलीहरूमा अपांगता भएका व्यक्तिको अनिवार्य समावेशीकरण, जोखिममा रहेका अपांगता भएका व्यक्तिको पहिचान र वर्गीकृत तथ्यांक तयार गर्नु, प्रारम्भिक चेतावनी प्रणालीमा दृश्य संकेत, क्याप्सन र सांकेतिक भाषाको प्रयोग अनिवार्य गर्नु जस्ता विषयहरूमा सुझाव दिइएको छ ।

साथै, सरकारले पारित गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१ सकारात्मक कदम भएपनि बहिरा समुदायका सञ्चार, भाषा र सांस्कृतिक जोखिमलाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको निष्कर्ष निकालिएको छ ।

यस्तै बहिरामैत्री प्रारम्भिक चेतावनी, उचित सहजीकरण, निर्णय निर्माण तहमा नेतृत्व, प्रभावकारी अनुगमन र गुनासो समाधान संयन्त्र सुदृढ गर्न आवश्यक रहेको सुझाव दिइएको छ । कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसीले सरकारी कार्यालय, शैक्षिक, रोजगारी, सरकारी, अस्पताल, अदालत, प्रहरी कार्यालय, सार्वजनिक कार्यक्रम एवं सूचनामा सुस्तश्रवण भएका नागरिकको पहुँच सुनिश्चित गर्न व्यावसायिक दोभासेको व्यवस्था गर्नुपर्ने बताए । अपांगता भएका महिलाहरूको महासंघ नेपालकी महासचिव रमा ढकालले गोष्ठीबाट प्राप्त सुझावहरू मस्यौदामा समेटेर सरकारसमक्ष पेस गरिने बताइन् । अपांगता भएका व्यक्तिहरूका संघसंस्थाका प्रतिनिधि, साझेदार संस्थाका प्रतिनिधिहरुको उपस्थित रहेको कार्यक्रममा राष्ट्रिय बहिरा महासंघकी वरिष्ठ उपाध्यक्ष सत्यदेवी वाग्लेले धन्यवाद ज्ञापन गरेकी थिइन् ।

# लायन्स क्लब अफ काठमाडौंको गतिविधिलाई थप सशक्त बनाउन सुझाव

**काठमाडौं / मस-** लायन्स क्लब अफ काठमाडौं फिनिक्सको चार्टर हेन्डओभर तथा ओरिएन्टेसन कार्यक्रम शनिबार काठमाडौंको ठमेलस्थित होटल मनाङमा सम्पन्न भएको छ । कार्यक्रम डिस्ट्रिक्ट ३२५ अन्तर्गत आयोजना गरिएको हो ।

लायन्स क्लब अफ काठमाडौं फिनिक्सको आयोजनामा सम्पन्न कार्यक्रम दुई सेसनमा सञ्चालन गरिएको थियो । कार्यक्रमको पहिलो सेसनको अध्यक्षता स्पोन्सर क्लब लायन्स क्लब अफ काठमाडौं टेम्पल गणेशकी अध्यक्ष लायन तृष्णा थापाले गरेकी थिइन् भने दोस्रो सेसनको अध्यक्षता लायन्स क्लब अफ काठमाडौं फिनिक्सकी संस्थापक अध्यक्ष लायन दीपशिखा शर्माले गरेकी थिइन् । कार्यक्रमका प्रमुख अतिथि डिस्ट्रिक्ट गभर्नर लायन पार्वती खरेल पाण्डे रहेकी थिइन् । त्यस्तै, विशेष अतिथिका रूपमा डिस्ट्रिक्ट क्याबिनेट सेक्रेटरी लायन रामबहादुर श्रेष्ठ, डिस्ट्रिक्ट चिफ एड्भाइजर लायन विष्णु भण्डारी, डिस्ट्रिक्ट एलसिआइएफ कोअर्डिनेटर लायन अनिता थापा बिष्ट, डिपार्टमेन्ट चिफ लायन अप्सरा आचार्य, जोन चेयरपर्सनहरू लायन सुमन खरेल शर्मा, लायन नवराज पाण्डे, लायन राजेश शाक्यलगायत विभिन्न लायन्स क्लबका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि लायन पार्वती खरेल पाण्डेले क्लब स्थापना भएको छोटो समयमै प्रभावकारी सामाजिक कार्यहरू गर्न सफल भएकोमा प्रशंसा व्यक्त गर्दै आफू गौरवान्वित भएको बताइन् । उनले लायन्स इन्टरनेसनलको उद्देश्य र भूमिकामाथि प्रकाश पार्दै क्लबका गतिविधिहरूलाई अझ सशक्त बनाउँदै लैजान सुझाव तथा मार्गदर्शन प्रदान गरिन् ।

त्यसैगरी, विशेष अतिथि डिस्ट्रिक्ट चिफ एड्भाइजर लायन विष्णु भण्डारीले लायन्स क्लब अफ काठमाडौं फिनिक्सले निरन्तर रचनात्मक तथा समाजमुखी कार्य गर्दै आएको उल्लेख गर्दै भविष्यमा अझ उत्कृष्ट कार्य हुनेमा विश्वास व्यक्त गरे । चार्टर हेन्डओभर कार्यक्रमसँगै आयोजना गरिएको ओरिएन्टेसन सेसन डिस्ट्रिक्ट क्याबिनेट सेक्रेटरी लायन रामबहादुर श्रेष्ठले सञ्चालन गरेका थिए । साथै, लायन्स क्लब अफ काठमाडौं फिनिक्सका संस्थापक सदस्यहरूलाई प्रमाणपत्र वितरण प्रमुख अतिथि लायन पार्वती खरेल पाण्डेले गरेकी थिइन् ।

# बाबा बैजुनाथ सुगर मिल्स सञ्चालनमा




**कृष्ण तिवारी / मध्यान्ह**
रौतहट, २९ मंसिर

रौतहट जिल्लामै ठूलो उद्योगको रूपमा कटहरिया नगरपालिका-९ डुमरियामा बाबा बैजुनाथ सुगर एन्ड केमिक्लस इन्डस्ट्रिज सञ्चालमा आएको छ । सोमबार विधिवत् रूपमा मिलको डोंगा पूजा गरिएसँगै चिनीमिल सञ्चालनमा आएको हो । हिन्दू परम्परा अनुसार मन्त्रोच्चारणसहित मिलका निर्देशक अभय प्रकाश जैसवाल दम्पतीले डोंगा पूजा गरेका थिए ।

उखु क्रसिङ गर्नुअघि खरिद गरिएको उखु राख्ने ठाउँलाई मिल्सको भाषामा डोंगा भन्ने गर्दछन् । पूर्ण विधि विधान अनुसार डोंगालाई पूजा गरेर मिल सञ्चालन गरेमा वर्षभरि बिना बाधा राम्ररी सञ्चालन हुने धार्मिक मान्यता रहेको पाइन्छ ।

मिल सञ्चालनको क्रममा सोमबार सबैभन्दा पहिले मिलमा उखु ल्याएका गढिमाइ नगरपालिका-३ का एकजना किसान शिव श्याम बैठालाई निर्देशक अभय प्रकाश जैसवालले सम्मान गरेका थिए ।

बाबा बैजुनाथ चिनिमिल सञ्चालन भएदेखि नै घाटा बेहोर्दै आए पनि यसपटक २० लाख क्वीन्टलभन्दा बढी उखु क्रसिङ गर्ने लक्ष्यसहित सञ्चालन गरिएको चिनिमिल सञ्चालन समितिका अध्यक्ष बैजु बाबराले बताएका छन् ।

उनले विविध कारणले गत वर्ष मात्र साढे १२ लाख क्वीन्टल क्रसिङ गरी बन्द भएको थियो । गत वर्ष क्रसिङ भएको उखु बापतको किसानलाई सम्पूर्ण भुक्तानी भइसकेको उनले बताएका छन् । नेपाल सरकारले दिँदै आएको अनुदानको रकम भुक्तानी गरिसकेको अध्यक्ष बाबराले जानकारी दिएका छन् ।

साथै यस सिजनमा उखु खेती गर्ने किसानको सुविधाको सुविधा स्वरूप मिलले मलखाद, बीउ तथा ऋण स्वरूप खेती अनुसारको केही रकम समेत दिने योजना रहेको छ । समयमा भुक्तानी नपाएर विगतमा उखु खेती गर्न छोडिसकेका दर्जनौं किसानहरू मिलले नियमित भुक्तानी दिन थालेपछि पुनः उखु खेती गर्न थालेको उनले बताए ।

बाबा बैजुनाथ सुगर एण्ड केमिकल ईन्डस्ट्रीज कटहरिया-९ डुमरियाका उखु महाप्रबन्धक सियाराम साहले मिल सञ्चालनको पहिलो चरण सोमबारदेखि उखु ल्याउन किसानलाई चलान पुर्जी वितरण सुरु भएको बताएका छन् ।

यस सिजनमा लक्ष्य अनुसारको उखु ल्याउनका लागि रौतहटका साथै छिमेकी जिल्लाहरू बारा र सर्लाहीका किसान तथा स्थानीय प्रशासनसँग सहमति भैसकेको साहले जानकारी दिए ।


**युएईमा रोजगार**

कम्पनी: PARAGON EMPLOYMENT SERVICES LLC
पूर्व स्वीकृत मितिः २०८१/०१/३१ चलानी नं.: ६०२१९४८७ LT. No.:304724
शहर: DUBAI
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 127 | 0 | स. काममा दक्ष | 800 | ३१,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ८ गते (23 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 313/059/060
ALETQAN NEPAL PVT. LTD.
New Baneshwor Suruchi Marga, Kathmandu Tel: 01-5913835
aletqannepal313@gmail.com www.aletqannepal.com.np
Mobile No : 9823003108, 9762422923, 9819152324, 9846183570



**एस.एन. ईनर्जी लिमिटेड**
S N ENERGY
का.म.न.पा-३० ज्ञानेश्वर । ईमेल: snenergyltd@gmail.com

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित २०८२/०९/०१

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस एस.एन. ईनर्जी लिमिटेडको मिति २०८२/०८/२५ गते विहिबार दिनको ५:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको दोस्रो वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ साल पौष २५ गते शुक्रबार (तदनुसार सन् २०२६ जनवरी ०९)
**समय :** बिहानको ठिक ११:०० बजे ।
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३० ज्ञानेश्वर

**छलफलका बिषयसुचीहरु**
**(१) सामान्य प्रस्ताव:**
१.१ सञ्चालक समितिको तर्फबाट पेश हुने कम्पनीको आ.ब.२०८१।८२ को वार्षिक प्रतिवेदन अध्यक्षज्यू द्वारा सभामा छलफलको लागि प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
१.२ आ.ब. २०८१।८२ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१.३ कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.ब. २०८२।८३ को लागि लेखा परिक्षक नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१.४ संचालक समितिमा संस्थापक तर्फबाट रिक्त रहेको ३ जना संचालकहरु संचालक समितिबाट बाँकी कार्यकाल सम्मको लागि गरिएको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

**(२) बिबिध:**
क. विभिन्न नियमन निकायहरु तथा कर्न्सोटियम बैंकको निर्देशन बमोजिम प्रवन्ध पत्र तथा नियमावलीमा शंशोधन गर्नुपर्ने अवस्था आई परेमा संचालक समितिलाई शंशोधनको अख्तियारी दिने सम्बन्धमा ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु:**
१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरि सक्नुपर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२. मिति २०८२/०९/१७ गते शेयर दाखिल खारेज बन्द (Book Close) गरिनेछ ।
३. सभामा भाग लिन आउनुहुने महानुभावहरुले नाम खुल्ने परिचय पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ ।
४. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर फोन नं. ९८५१३२२७९२ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।
५. संचालक समितिको प्रतिवेदन लगाएतका बित्तीय बिवरणहरु कम्पनीका केन्द्रिय कार्यालय वा सभा हुने दिन सभाहलमा उपलब्ध हुनेछ ।
६. सभा सम्बन्धी अन्य काम कार्वाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।



**Invitation for Bid**

**Manavsewa Ashram**
**(Non –Government organization)**

**Invitation for bid for the construction of Building and Civil Works**

**Contract ID No.: MSA/04/2082/83**
**Date of Publication: 2082/09/01 B.S. (Dec 16, 2025 A.D.)**

1. **Manavsewa Ashram** Invitation for Bids for the Construction of the Building and Civil, Electrical, and Sanitary Works at Manavsewa Ashram in Charkune, Ward No. 11, Birendranagar Municipality, Surkhet District, Karnali Province.
2. Only eligible bidders with the following criteria may participate in the bidding process:
   - A minimum average annual construction turnover of NPR 2 Crore (Twenty million), as indicated in the audited financial statements for the best three years out of the last five years.
   - A minimum of 3 years of work experience in projects of similar size and nature.
3. Under the Single Stage, Bidders are required to submit two separate envelopes simultaneously: one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provisions of TB 21 of the Bidding Document both of these envelopes shall be enclosed together in one outer sealed envelope. This includes notarized documents such as the turnover certificate and the work experience (completion) certificate.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on the Manavsewa Ashram website.
5. A Bidder may purchase the Bidding Documents from our office at Raniban (Kathmandu), Surkhet and Head office at Hetauda by submitting a written application along with a copy of the company/ firm registration certificate, VAT certificate, and Tax Clearance certificate up to FY 2081/82, and upon payment of a non-refundable fee of NPR 1,500.00 (One Thousand Five Hundred Rupees Only). In case the Tax Clearance Certificate has not yet been obtained due to valid reasons, the Bidder shall submit documentary evidence of having tax time-extension from the concerned tax authority.
   **Information to deposit the cost of bidding document in Bank:**
   Account Name : Manavsewa Ashram
   Bank Name : NMB Bank
   Bank Address : Hetauda, Makawanpur
   Account Number : 0900076447800027
6. The Bidder must submit hard copies of sealed bids (with the financial bid in a separate sealed envelope) to our office on or before 30 days from the date of publication of the first bid notice. Bids received after this deadline will be rejected.
7. If the last date for purchasing and submission falls on a government holiday, the next working day shall be considered the last date. In such cases, the validity period of the bid shall remain the same as specified for the original last date of bid submission.
8. The Manavsewa Ashram reserves the right to accept or reject any proposal and also reserves the right to award the contract either partially or fully.
9. The proposed work must be completed within 20/02/2083, at the same quoted rate, with no price escalation allowed.

| Contract No. | Project Name | Estimated Amount Including VAT | Bid document fee Non-refundable | Bid Security Amount |
|---|---|---|---|---|
| MSA/ 04/2082/83 | Construction of Ground Floor of New Dormitory Facility at Manavsewa Ashram, Surkhet | NRs. 1,49,97,967.92 | NRs. 1500.00 | NRs 3,75,000 |

**For bid submission purposes only, the Employer's address is**:
**Attention:** Chief Administrative Officer
Manavsewa Ashram, Raniban, Nagarjun Municipality, Kathmandu District, Bagmati Province
**Contact Numbers:** 9855076089, 9855076073, 9855076023
**Deadline for bid submission:**
**Date:** 2082/09/30 B.S. (January 14, 2026 A.D.)
**Time:** 5:00 p.m.
**For Payment**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ पुस २०८२ मंगलबार
16 December 2025 Tuesday

सम्पादकीय

## आन्तरिक अर्थतन्त्र बलियो बनाऔं

जेनजी विद्रोहपछि संक्रमणकाल राजनीतिक स्थिरतातर्फ उन्मुख छ । फागुन २१ को चुनावको वातावरण बनाउन सरकार, दलहरू र नागरिकस्तरबाट पहल भइरहेका छन् । त्यसको असर अर्थतन्त्रमा पनि देखिने अपेक्षा थियो । चालु आर्थिक वर्षको चार महिनाको तथ्यांकले भने अर्थतन्त्रमा मिश्रित परिणाम देखाएको छ । बाह्य सूचक बलिया छन् भने आन्तरिक अर्थतन्त्र सुस्त छ । नेपाल राष्ट्र बैंकका अनुसार कात्तिक मसान्तसम्म विदेशी मुद्रा सञ्चिति ३० खर्ब ५५ अर्ब रूपैयाँ पुगेको छ । यो गत असारको तुलनामा १४ दशमलव १ प्रतिशतले बढी हो ।

अमेरिकी डलरमा सञ्चिति २१ अर्ब ५२ करोड पुगेको छ । यसले झन्डै २१ महिनाको वस्तु आयात र १७ महिनाको वस्तु तथा सेवा आयात धान्न सकिने अवस्था देखाउँछ । केही वर्षअघि आयात नियन्त्रण गर्न बाध्य भएको मुलुकका लागि यो उल्लेख्य सुधार हो । बाह्य सूचक सुधारको मुख्य कारण रेमिट्यान्स मानिएको छ । चार महिनामा रेमिट्यान्स ३१ दशमलव ४ प्रतिशतले बढेर ६ खर्ब ८७ अर्ब रूपैयाँ पुगेको छ । डलरमा २५ प्रतिशतभन्दा बढी वृद्धि भएको छ । रेमिट्यान्सकै बलमा चालु खाता २ खर्ब ७९ अर्ब रूपैयाँले बचतमा पुगेको छ । शोधनान्तर स्थिति पनि ३ खर्ब १८ अर्ब रूपैयाँले बचतमा छ । जसका कारण बाह्य सन्तुलन अहिले सहज अवस्थामा छ ।

तर यो सुधार उत्पादन र लगानीबाट आएको भने होइन । आन्तरिक अर्थतन्त्र अहिलेसम्म चलायमान हुन सकेको छैन । निजी क्षेत्रको मनोबल कमजोर देखिएको छ । जसका कारण कर्जा प्रवाह सुस्त छ । चार महिनामा निजी क्षेत्रमा कर्जा विस्तार ६५ अर्ब रूपैयाँ मात्र भएको छ । गत वर्ष यही अवधिमा कर्जा विस्तार झन्डै दोब्बर अर्थात् १ खर्ब २८ अर्ब रूपैयाँ नाघेको थियो ।

विकास बैंकहरूको कर्जा प्रवाह घटेको छ भने वाणिज्य बैंकको कर्जा पनि सीमित छ । कर्जाको ६२ प्रतिशत गैरवित्तीय संस्थागत क्षेत्रमा गएको छ । घरपरिवार र व्यक्तिगत क्षेत्रमा ३७ प्रतिशत मात्र पुगेको छ । यसले उपभोग र साना व्यवसाय कमजोर रहेको देखाउँछ ।

बैंकिङ प्रणालीमा तरलता छ । ब्याजदर घट्दो क्रममा छ । तर लगानी बढेको छैन । सरकारी पुँजीगत खर्च सुस्त छ । नीतिगत स्पष्टता अभाव छ । बजारमा माग सिर्जना हुन सकेको छैन । जेनजी विद्रोहपछिको अन्योलको स्थितिमा पनि बाह्य सूचक बलियो हुनु राहतको विषय हो । तर त्यसैमा सन्तुष्ट हुने ठाउँ भने छैन । रेमिट्यान्समा आधारित अर्थतन्त्र दीर्घकालीन हुँदैन । त्यसैले उत्पादन, रोजगारी र निजी लगानी बढाउनैपर्छ । बाह्य स्थिरतालाई आन्तरिक गतिमा रूपान्तरण गर्नु अबको मुख्य चुनौती हो ।

# अमेरिकी रणनीति र इयु तरंग


*अमेरिकाको राष्ट्रिय सुरक्षा रणनीतिमा युरोपबारे कठोर आलोचना त छ तर यसलाई अवसरका रूपमा पनि बुझ्न सकिन्छ ।*

अग्रलेख



● टंककला तिमिल्सेना

अमेरिकाले आफ्नो राष्ट्रिय सुरक्षा रणनीति सार्वजनिक गरेसँगै यसको ठुलो तरंग युरोपमा परेको छ । डोनाल्ड ट्रम्प प्रशासनका प्रत्येक कदममा विश्वकै नजर रहँदै आएको त छ, तर यसपटक युरोपेली सूक्ष्म रूपमा विचार-विमर्शमा देखिन्छन् । अमेरिकी नयाँ राष्ट्रिय सुरक्षा रणनीतिमा युरोपका नीतिहरू, आप्रवासन नीति, राजनीतिक संरचना र अभिव्यक्ति स्वतन्त्रताबारे विस्तृत अनि कठोर टिप्पणी समेटिएपछि युरोप-अमेरिकाको सम्बन्ध अब कस्तो हुनुपर्छ ? कसरी अघि बढ्नुपर्छ भन्ने ध्यानमा केन्द्रित छ । यस्तो किन पनि भएको हो भने हालसम्म अमेरिका युरोपको नजिकको साझेदारका रूपमा रहेको राष्ट्र हो । तर अहिले ट्रम्पले रणनीतिक साझेदारीभन्दा व्यापारिक साझेदारी जस्तो बाटोतर्फ डोर्‍याउन थालेको अमेरिकी रणनीतिक दस्तावेजले देखाएको छ । अमेरिकाले भनेको छ- अब अमेरिकाको प्राथमिकता 'अमेरिकाको राष्ट्रिय हित'मा आधारित हुनेछ ।



युरोपको टिप्पणी गर्ने क्रममा अमेरिकाले यतिसम्म भनेको छ कि, युरोपेली संयन्त्र कमजोर, दिशाहीन र भविष्यमा संकटतर्फ धकेलिँदै गएको छ । हो, त्यसैले नै अमेरिकी रणनीतिमा ब्रुसेल्सको ध्यान गम्भीर छ । युरोपेली नेतृत्वले समेत अब आफ्नो सार्वभौमिकता, निर्णय क्षमता र स्वतन्त्र रणनीतिक सोचमा केन्द्रित बन्दै जानुपर्ने बताइरहेको छ । अमेरिका र युरोप विश्व राजनीतिमा प्रभावकारी उपस्थिति जनाउने महत्वपूर्ण पक्ष हुन् । त्यसैले पनि अब यी दुई ध्रुवबीचको सम्बन्धबारे नेपालजस्ता मुलुकले पनि चासोमा राख्नु स्वाभाविक हो ।

ट्रम्प सरकारले नयाँ रणनीति सार्वजनिक गर्नु पहिले नै अमेरिका र युरोपबीच तालमेलमा नयाँ अवस्था आउन सक्ने चर्चा चलिरहेको थियो । युरोपियन अधिकारीहरूले सार्वजनिक रूपमा नै रणनीतिक पक्षमा देखिन सक्ने कठोरताबारे बताउने गरेका थिए । अमेरिकी रणनीतिमा अहिले युरोपेली राजनीतिज्ञका प्रतिक्रिया मिश्रित देखिएका छन् । धेरै विश्लेषकहरूले अमेरिकाले युरोपको आप्रवासन र राजनीतिक स्वतन्त्रताका विषयमा अतिरञ्जित रूपमा चित्रण गरेको टिप्पणी गरेका छन् । यद्यपि केही युरोपेली नेतृत्वहरूले भने अमेरिकी टिप्पणी पूर्ण रूपमा आधारहीन भने छैन भनेका छन् ।

यता अमेरिकी रणनीतिमा युरोपको आलोचनाबारे युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले कडा टिप्पणी गर्दै चेतावनी दिइरहेका छन् । युरोपको राजनीतिक दिशामा अमेरिकी हस्तक्षेपको प्रयास देखिएकाले यो कुनै हालतमा स्वीकार्य नहुने स्पष्ट सन्देश कोस्टाको छ । खासमा ट्रम्प प्रशासनको सद्भाव युरोपभित्रका 'देशभक्त' भनिएका दक्षिणपन्थी दलहरूमा देखिन्छ । ट्रम्पले उनीहरूलाई सकारात्मक रूपमा हेरेको देखिन्छ । यसले पनि युरोपेली मूलधारका नेताहरूलाई चिन्तित बनाएको छ । सकारात्मक रूपमा हेरेको कथनले पनि युरोपेली मुख्यधारका नेताहरूलाई चिन्तित बनाएको छ । जर्मनीको एएफडीजस्ता दलहरूसँग अमेरिकाका रिपब्लिकन नेताहरू नजिकिँदो

> *विश्वमै प्रभाव पार्न सक्ने शक्ति हुन्, अमेरिका-युरोप । उनीहरूबीचको सम्बन्ध केवल कूटनीतिमा मात्रै सीमित छैन ऐतिहासिक, सुरक्षात्मक र आर्थिक पक्षहरूसँग धरातलसम्मै जोडिएको छ ।*

क्रममा देखिँदा ब्रुसेल्समा असहजताको स्थिति बढेको छ अहिले । अर्को महत्वपूर्ण र संवेदनशील पक्ष भनेको अमेरिकी रणनीतिमा युरोपको आप्रवासन नीतिलाई 'महादेशका सबैभन्दा गम्भीर समस्यामध्ये एक'को रूपमा चित्रण गरिएको छ । आप्रवासन रोक्ने र सीमा कडाइका लागि अमेरिकी कूटनीतिज्ञहरूलाई युरोपेली सरकारहरूसँग लबिङ गर्न निर्देशन दिइएको छ भनी तथ्य सार्वजनिक भएको विषयले युरोप-अमेरिका सम्बन्धको परिस्थितिलाई झनै संवेदनशील बनाएको छ ।

युरोपेली संघकी परराष्ट्रनीति प्रमुख काजा कालासले अमेरिकी रणनीतिबारे नरम प्रतिक्रिया जनाएकी छन् । धेरै आलोचना भए पनि त्यसमध्ये केही कुराहरू सही पनि रहेको उनको प्रतिक्रिया छ । युरोपले विशेषगरी रुसप्रतिको नीतिमा आफ्नो शक्ति, क्षमता र प्रभावलाई पर्याप्त रूपमा प्रयोग नगरेको कुरा सत्य हो भन्ने भनाइ कालासको छ । उनले रुस-युक्रेन युद्धले युरोपलाई सुरक्षा, ऊर्जा, कूटनीति र रक्षा तयारीका हिसाबले पछाडि परेको अनुभूति गराएको र अमेरिकाको रणनीतिले यसै कमजोरीलाई चित्रण गर्न खोजेको देखिन्छ भनेकी छन् । केही समय पहिले काजा कालासले दोहामा भएको एक कार्यक्रममा पनि यो विषय संकेत गरेको देखिन्थ्यो । उनको स्पष्ट सन्देश थियो कि परस्पर सम्मान, साझेदारी र साझा हितमा आधारित सहयोग नै अमेरिका-युरोपको हितमा छ ।

राजनीतिज्ञहरू, कूटनीतिज्ञहरूका धेरै धारणा देखिए पनि महत्वपूर्ण कुरा भनेको युरोपेली संघको आधिकारिक धारणा हो । युरोपेली संघको स्पष्ट धारणा छ, युरोपको निर्णय सार्वभौमिकता अविचलित छ । युरोपेली आयोगकी प्रमुख प्रवक्ता अनिता हिप्परले स्पष्ट सन्देश दिएकी छन् । प्रमुख प्रवक्ता हिप्परको भनाइले युरोपेली संघको आधारभूत र राजनीतिक आत्मनिर्णय क्षमतामा कुनै बाह्य शक्तिको प्रभाव पर्न नसक्ने चेतावनीको सन्देश दिएको बुझ्न सकिन्छ ।

हुन त विश्व राजनीतिमा सधैं शान्ति कहिल्यै छैन, त्यो असम्भव जस्तै पक्ष हो । तर सन् २०१६ को ब्रेक्जिट, विश्व राजनीतिमा बढिरहेको अस्थिरता साथै रुस-चीनसँगको शक्ति प्रतिस्पर्धाका कारण युरोपलाई केही वर्षयता आफ्नो रणनीतिक स्वतन्त्रताबारे पुनर्विचार गर्नुपर्ने बाध्यताजस्तो परिस्थिति छ । झन् यसै समयमा अमेरिकाले गरेको कठोर आलोचनाले युरोपलाई आत्मपरीक्षणतर्फ होमिनुपर्ने अवस्था बन्न पुगेको छ ।

विश्वमै प्रभाव पार्न सक्ने शक्ति हुन्, अमेरिका-युरोप । उनीहरूबीचको सम्बन्ध केवल कूटनीतिमा सीमित छैन, ऐतिहासिक, सुरक्षात्मक र आर्थिक पक्षहरूसँग धरातलसम्मै जोडिएको छ । अब भने ट्रम्प प्रशासनको दृष्टिकोणमा कूटनीतिक साझेदारीभन्दा लेनदेनमा आधारित साझेदारी प्राथमिकतामा छ । यता युरोपका लागि आवश्यक साझेदारीका मुख्य आधार बराबरीमा आधारित कूटनीतिक सम्बन्ध देखिन्छ । सुरक्षाका क्षेत्रमा नाटोको भविष्य, रुस-युक्रेन युद्ध, पूर्वी युरोपको सुरक्षा र चीनसँगको शक्ति प्रतिस्पर्धामा दुवै पक्षको साझा हित देखिन्छ । अनि, अमेरिकाले उठाएको सही बिन्दु भनेको युरोपले आफ्नो रक्षा क्षमतामा लगानी बढाउनुपर्ने आवश्यकता पनि हो । आप्रवासन र मानव अधिकारका विषयमा साझा मान्यता, आर्थिक र व्यापार नीतिमा सहकार्य आवश्यक छ । अमेरिकाको राष्ट्रिय सुरक्षा रणनीतिमा युरोपबारे कठोर आलोचना त छ तर यसलाई अवसरका रूपमा बुझ्न पनि सकिन्छ । आफ्नो शक्ति र क्षमता पुनः मूल्यांकन गर्दै कूटनीतिक आत्मनिर्भरता बढाउने, रक्षा र ऊर्जा क्षेत्र सुधार तथा अमेरिका-युरोपबीचको साझेदारीमा समायोजन गर्ने, युरोपको एकता सुदृढ गर्ने अवसरका रूपमा अमेरिकी आलोचनालाई ग्रहण गरिए युरोपका लागि फाइदाजनक देखिन्छ ।

## इतिहासमा आज

१६ डिसेम्बर १९८९ मा सरकारले असन्तुष्ट हंगेरीका पादरी लास्ज्लो टोकेसलाई निष्कासन गर्ने प्रयासको प्रतिक्रियामा रोमानियाको तिमिसोआरामा ठुला स्तरका विरोध प्रदर्शन सुरु भएको थियो ।



१६ डिसेम्बर २०११ मा काजाकिस्तानको झानाओजेनमा तेल कामदारहरूले गरेको हिंसात्मक विरोध प्रदर्शनमा सुरक्षा बलले अन्धाधुन्द गोली चलाउँदा १६ जनाको मृत्यु र १ सय जना घाइते भएका थिए ।




१६ डिसेम्बर २०१४ मा तहरिक-ए-तालिबान पाकिस्तानका आतंककारीहरूले पाकिस्तानको पेसावरमा रहेको आर्मी पब्लिक स्कुलमा आक्रमण गर्दा १ सय ५० जनाको मृत्यु भयो, जसमध्ये १ सय ३२ जना स्कुले बच्चा थिए ।



१६ डिसेम्बर २०१३ मा फिलिपिन्सको राजधानी मनिलामा एक बस उचाइमा रहेको राजमार्गबाट खस्दा कम्तीमा १८ जनाको मृत्यु र २० जना घाइते भएका थिए ।



## सामाजिक सञ्जाल



प्रेम घर्ती मगर

डिम्ब तस्करी प्रकरणमा मुछिएकी महान्यायाधिवक्ता सबिता भण्डारी बराललाई ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले विवाद सुरु भएदेखि नै राजीनामा दिन सुझाव दिएको थियो । तर उनले अस्वीकार गरेकी थिइन् । अन्ततः उक्त संस्थाले महान्यायाधिवक्ता सबिता भण्डारी बराललाई साधारण सदस्यबाट निलम्बन गरेको छ ।

अब एमाले कम्युनिस्ट पार्टी रहेन ! ११औं महाधिवेशनमा मञ्चको अग्र भागमा मठ मन्दिरको तस्बिर देखिनुले एमालेमा वैचारिक परिवर्तनको स्पष्ट संकेत गर्दछ । अब कम्युनिस्टको परम्परागत प्रतीक चिन्हहरू मार्क्स, लेनिन, एंगेल्स र माओको तस्बिरहरू ओझेल पर्दै छ, यो राजनीतिक रूपान्तरण खुसीको विषय हो ।




विजय खड्का



सन्दिप ढकाल

केन्द्रीय भेलामा मेरो पार्टी होइन अतिथि बोलाएर आएको, अरू पार्टीले बोलाए नि जान्छु भन्थे अहिले प्रदेश-जिल्ला सबैको तिरको भेला भ्याएका छन्, आफूले कुण्ठा साँधेर निकालेकोलाई अदालतले फिर्ता ल्याउँदा अझै पदमै छन्, नैतिकता शून्य छ अनि यस्ता झुटको पुलिन्दा अझै सुशासन दिन बनाएको सरकारमा छ ।

नेपालीको आफ्नोपन, आफ्नो सोचाई र मौलिकता भन्ने पटक्कै केही रहेन । देशभक्तिको ओठे भक्तिमा झुन्डिने तर अरूको ठाडो नक्कल गरेर आफूलाई नेपाली देशभक्त भनाउने झुन्ड बढेको देख्दा नेपालको आयु अब धेरै छैन कि ? भएको सम्मान पनि गयो । अस्ति भेटेको भए अहिले ठुलो ग्लानि हुने रहेछ । धन्न भेटिएन ।



बासु श्रेष्ठ

# जेनजी आन्दोलन र पुरानो सोचको जालो

विचार



● दिनेश अर्याल

> *जेनजी आन्दोलन भ्रष्टाचार, कुशासन र राजनीतिक दलहरूका मनलाग्दी निर्णयहरूमाथि लक्षित थियो तर आन्दोलनपश्चात् दलहरूले कुनै समीक्षा गरेनन्, उल्टै आन्दोलनलाई नै चुनौती दिन थाले । यसले जनतामा थप निराशा र अनिश्चितता उत्पन्न गरेको छ ।*

जेनजी आन्दोलनले मुलुकमा भ्रष्टाचार र कुशासनको अन्त्य गरी सुशासन कायम गर्ने उद्देश्य राखेको थियो तर हालसम्मको परिस्थितिमा पनि यसका प्रतिफलहरू देखिन सकेका छैनन् । आन्दोलनपश्चात् पनि देशको अवस्था अझै जटिल र अस्थिर देखिन्छ । आन्दोलनले भनेजस्तो दृष्टिको बदलाव नआएको कारण नागरिक र राजनीतिक दलहरूको जिम्मेवारीपूर्ण भूमिका निभाउन आवश्यक भएको छ । जेनजी आन्दोलनपछि उत्पन्न भएको निराशा र अस्थिरता त्यसको मुख्य कारण हो, जुन अहिलेको स्थिति र भविष्यका चुनौतीलाई ध्यानमा राखेर गम्भीर रूपमा पुनः मूल्यांकन गर्नु आवश्यक छ ।

आन्दोलनपश्चात् अपेक्षाकृत बदलाव नआउँदा जनतामा थप निराशा जन्माएको छ । जेनजी आन्दोलन भ्रष्टाचार, कुशासन र राजनीतिक दलहरूका मनलाग्दी निर्णयहरूमाथि लक्षित थियो तर आन्दोलनपश्चात दलहरुले कुनै समीक्षा गरेनन्, उल्टै आन्दोलनलाई नै चुनौती दिन थाले । यसले जनतामा थप निराशा र अनिश्चितता उत्पन्न गरेको छ ।

जेनजी आन्दोलनले सशक्त भौतिक प्रभाव पारेको छ तर त्यसको मानसिक र भावनात्मक असर अझै गहिरो छ । आन्दोलनको असफलताले समाजमा आत्मविश्वासको कमी ल्याएको छ । अहिलेका पिँढीका युवाहरू, जो परिवर्तनको आकांक्षासहित उठेका थिए, अहिले उनीहरूको मानसिकतामा असमझदारी र भ्रम व्याप्त छ । यो प्रभाव अझ बढ्ने सम्भावना छ ।

तर राजनीतिक दलहरूले जेनजी आन्दोलनको पछि उत्पन्न भएको आक्रोश र असन्तोषलाई कसरी सम्बोधन गर्ने भन्नेमा ध्यान दिनुपर्छ । दलहरूको जिम्मेवारी भनेको जनताको आशा र अपेक्षालाई पूरा गर्नु हो । यो सन्दर्भमा, दलहरूले स्वयंमा समीक्षा गर्न जरुरी छ र यसका लागि अगाडि बढ्न सक्ने अवसर सिर्जना गर्नु आवश्यक छ । बंगलादेशको घटनाबाट पनि पाठ सिक्नु आवश्यक छ । अहिलेको सरकारको प्रमुख जिम्मेवारी भनेको निष्पक्ष र स्वच्छ चुनाव गराउनु हो तर यदि परिस्थिति नबदलिएमा फागुन २१ गतेको निर्वाचनको असफलता मात्र होइन, सम्पूर्ण मुलुकको शान्ति र सुरक्षा जोखिममा पर्न सक्छ ।

नेपालका राजनीतिक दलहरूलाई अब निर्मम समीक्षा गर्दै आगामी रणनीतिहरू तय गर्नु अनिवार्य छ । जनताको भावना र आशामा साँचो परिवर्तन ल्याउन तिनीहरूले सहकार्य र समन्वयको पक्षमा काम गर्न आवश्यक छ । तसर्थ अझ बढी अस्थिरता र गुटबन्दीहरूको भलाइमा फस्नुभन्दा एकता र समृद्धिका लागि प्रयास गर्नुपर्ने समय आएको छ । अहिले जेनजीका विभिन्न समूह बनेका छन्, जसका केहीले परिवर्तनको वास्तविक उद्देश्यको पूर्तिका लागि काम गरिरहेका छन् भने अन्य केहीले स्वार्थको आधारमा काम गर्दै छन् । यसले कुनै ठुलो सुधार ल्याउने सम्भावना देखिँदैन ।

जेनजी आन्दोलनको कारण देशमा आएको परिवर्तनलाई स्थायित्व दिनका लागि अझ ठुलो धैर्य र समय चाहिन्छ । ती युवाहरूलाई अब सम्झनु आवश्यक छ कि राजनीति र नेतृत्व स्थिरता र विवेकपूर्ण कार्य प्रणालीबाट मात्र सम्भव हुन्छ, न कि हतासामा बहकिएको स्थिति र अस्थिर दृष्टिकोणबाट । यसले देशको भविष्यमा गम्भीर प्रभाव पार्न सक्छ । यसको लागि सबैलाई गहिरो सोच र स्थिर मानसिकतासाथ अघि बढ्नु पर्ने आवश्यकता छ ।

साँचो परिवर्तनका लागि अहिलेको जेनजी आन्दोलनले आक्रोशलाई भन्दा जिम्मेवार र ठोस कार्यनीति आवश्यक छ । जसका लागि दलहरूले पनि आफ्नो दृष्टिकोणमा सुधार ल्याउनु पर्नेछ र जनता प्रतिको प्रतिबद्धता गहिरो बनाउन प्रयास गर्नुपर्ने छ । जेनजी आन्दोलनको भविष्य भनेको यही हो, ती युवाहरूले आफ्ना ऊर्जा र क्षमता व्यवस्थापकीय भूमिकामा लगाउन आवश्यक छ, जसले न केवल व्यक्तिगत लाभ तर समग्र मुलुकका लागि उत्कृष्ट परिणामहरू प्राप्त गर्न सक्छ ।

नेपालको भविष्यका लागि जेनजी युवाहरूले पनि बुझ्नुपर्छ, परिवर्तनलाई केवल हठ र जोसका आधारमा होइन, स्थिरता र समझदारीका साथ, दिगो र संस्थागत रूपमा सम्भव हुन्छ । यदि यही सोच र कामको तरिका लागू भयो भने, निश्चित रूपमा मुलुकलाई सुशासन र समृद्धिको दिशामा अघि बढाउन सकिन्छ ।

# राजपुर नगरपालिकाको सेवा आफ्नै आधुनिक भवनबाट



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ मंसिर

रौतहटको राजपुर नगरपालिकाले लामो समयदेखि भाडाको साँघुरो भवनबाट सेवा दिँदै आएको अवस्थाको अन्त्य गर्दै आफ्नै आधुनिक प्रशासकीय भवनबाट सेवा प्रवाह सुरु गरेको छ। सोमबार एक समारोहबीच नवनिर्मित भवनको उद्घाटन गरिएको हो।

नगरप्रमुख डा.मोहम्मद राजिक आलमले भवन प्रांगणमा शिलालेख अनावरण र रिबन काटेर विधिवत् उद्घाटन गरेका थिए। उद्घाटन समारोहमा जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी, स्थानीय अगुवा तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो।

समारोहलाई सम्बोधन गर्दै नगरप्रमुख आलमले यो भवनलाई नगरपालिकाको दीर्घकालीन विकासको महत्वपूर्ण आधार भएको बताए। 'यो संरचना मात्र होइन, सुशासन, पारदर्शिता र उत्तरदायित्वको प्रतीक हो,' उनले भने, 'यसले कर्मचारी र सेवाग्राही दुवैलाई सहजता प्रदान गर्दै सेवा प्रवाहमा गुणात्मक परिवर्तन ल्याउनेछ।'

प्रमुख प्रशासकीय अधिकृतले नयाँ भवन सञ्चालनमा आएपछि प्रशासनिक कार्यसम्पादनमा उल्लेखनीय सुधार आउने र नागरिक सन्तुष्टि बढ्ने विश्वास व्यक्त गरे। उपस्थित नागरिकहरूले पनि भवन निर्माणले नगरको विकासमा नयाँ गति थपेको भन्दै खुसी व्यक्त गरेका थिए। आधुनिक मापदण्डअनुसार निर्माण गरिएको यो भवनमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षका साथै सबै शाखा तथा फाँटहरू व्यवस्थित रूपमा राखिएका छन्।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/०१ मा दर्ता भएको **प्रा.लि. नं. १४२००४** को **सृष्टिकर्ता प्रोडक्सन् प्रा. लि.** को मिति २०८२/०९/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगाना: का.म.न.पा.-९, काठमाण्डौ**
**सम्पर्क: ९८६३५४२२९०**

# तस्करी गरेर ल्याइएका युरिया मल बरामद

**धर्मेन्द्रकुमार कुर्मी/मध्यान्ह**
कपिलवस्तु, २९ मंसिर

कपिलवस्तुमा भारतबाट तस्करी गरेर ल्याइएको १ सय ८१ बोरा युरिया मल बरामद गरिएको छ। स्थानीय तस्कर समूहसँग मिलेर कपिलवस्तुको शिवराज नगरपालिका-७ रुद्रपुरस्थित जय अम्बे प्लाइउड इन्डस्ट्रिज प्रालिको फ्याक्ट्रीभित्र भित्र्याइएको युरिया मल सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको हो।

ट्रकमा लोड गरिएको उक्त मल नियन्त्रणमा लिई अनुसन्धान भइरहेको सशस्त्र प्रहरी नायव उपरीक्षक (डीएसपी) तुला चौधरीले जानकारी दिए। उनका अनुसार बरामद भारतीय युरिया मल र प्रयोग भएको ट्रक कृष्णनगर भन्सार कार्यालयलाई बुझाइएको छ। उक्त इण्डस्ट्रिज स्थानीय व्यापारी मनोज कनौडियाको हो।

स्थानीय प्लाइउड उद्योगहरूले युरिया मललाई प्लाइ टाँस्ने गोंदको रूपमा प्रयोग गर्ने गरेका छन्। कपिलवस्तुमा रहेका करिब एक दर्जन प्लाइउड उद्योगले अवैध रूपमा आयात गरिएको युरिया मल प्रयोग गर्ने गरिएको आशंका छ।


## मलेसियामा रोजगार

पूर्व स्वीकृत मितिः २०८२/०८/२९ चलानी नं.: ६०२४८७९८ LT. No.:335101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Plantation Sector) | 14 | 0 | स. काममा दक्ष | 1700 | ५९,८५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ८ गते (23 December 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**मेनपावर लिंक प्रा. लि.**
श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७७६७६, Email: info@manpowerlink.com

## साउदिमा रोजगार

कम्पनी: MOUDI SAAD MUSALAT AL-BAQMI FOUNDATION FOR CATERING शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०८/२९ चलानी नं.: ६०२४८८१० L.T. No.: 335132

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fast Food Maker | 1 | 0 | स. काममा दक्ष | 1300 | ५०,०११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ८ गते (23 December 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Bridge Sky International Pvt. Ltd.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
Gov Lic No: 573/062/063


# Chainpur Municipality
## Office of the Municipal Executive

**Chainpur, Sankhuwasabha**
**Koshi Province**

**Invitation for Bids**

**Date of publication: 2082/09/01 (16th Dec. 2025)**

1. The Chainpur Municipality invites electronic bids from eligible bidders for the Procurement of Power Mini Tiller, Rice Spinning Mill and Coffee Pulping Machine for Chainpur Municipality, Chainpur-6, Sankhuwasabha, under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit PPMO egp system www.bolpatra.gov.np/egp.

# नवराजपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**नवराजपुर, सिरहा**
**स्था. २०७३**
**मधेस प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मितिः-२०८२/०९/०१**

प्रस्तुत विषयमा यस नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिरहाको मिति २०८२/०७/२१ गते प्रकाशित सूचना बमोजिम मिति २०८२/०८/२१ सम्म यस गा.पा.मा पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा मूल्यांकन समितिको मिति २०८२/०८/२८ गतेको निर्णय बमोजिम देहायको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो ७ दिने आशयको सूचना प्रकाशन गरीएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का न. | योजनाको नाम | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | रकम (मु.अ.कर र P.S. समेत) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NRM/NCB/WORKS/2082/83-02 | Hulaki rajmarga dekhi ga.pa. office jodne sadakma RCC dhalan karya | Radha Krishna Construction, Dhangadimai, siraha | 66,68,688.04 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# Letang Municipality
## Office of Municipal Executive

**Letang, Morang**
**Koshi Province, Nepal**

**INVITATION FOR BIDS**

**Date of Publication: 16 December 2025 (2082 Poush 01)**

The Letang Municipality, Morang invites electronic bids from eligible bidders for the procurement of Ward No. 8 Office Infrastructure Enhancement Project: "Compound, Drain & Road Gravel" under Sealed Quotation procedures. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or. Electronic bids must be submitted through the e-GP system i.e. www.bopatra.gov.np/egp on or before 31 December 2025 (2082 poush 16) at 12:00.

| S. N. | IFB No. | Particulars | Exclusive of VAT and Contingencies (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/SQ/W/2082-83/01 | Ward No. 8 Office Infrastructure Enhancement Project: "Compound, Drain & Road Gravel" | 1,724,399.46 | 50,000.00 | 1,000 | 45 days/ 75 days |

**Chief Administrative Officer**

# दोधारा चादनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दोधाराचाँदनी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८२/०९/०१)**

यस कार्यालयबाट मिति २०८२/०७/२४ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. न. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (पि.एस र मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७/२०८२/०८३ | सिंचाइ बोर मोटर खरिद तथा जडान योजना, वडा नं ०६ | श्री आ.सि.टि ईन्जिनियङ्गि वर्कशप, शु.न.पा १० कंचनपुर | १८,२०,८००।०० | |

**गणेश दत्त मिश्र**
**प्रमुख प्रशासकिय अधिकृत**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/०९/०१**

यस सिटिजन्स बैंक इन्टरनेसल लिमिटेडको शाखा कार्यालय धरानबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स सवारी कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेमा मिति २०८१/०२/१६ मा अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, वि.सं. २०८२/०५/१८ मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको पन्ध्र (१५) दिने सूचना र मिति बि.स.२०८२/०७/२५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८(आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धरान, सुनसरी दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा, माग कर्जा र आवधिक कर्जा**
**ऋणीको नाम : खाम्दाके यातायात प्रा.लि.**
रजिष्टर्ड ठेगाना : इटहरी उप.म.न.पा वडा नं ९, सुनसरी,
रजिष्ट्रेशन नं. : १८९१७०/७४/०७५ (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं)
रजिष्ट्रेशन मिति : २०७५/०१/२८
पान नं : ६०६७१३९७७

**कम्पनीको अध्यक्ष तथा जमानीकर्ताको नाम र ठेगाना**

**१. नाम : रमेश खत्री**
बाबु : हरि बहादुर खत्री
बाजे : राम बहादुर खत्री
ठेगाना : दोभाने-५, भोजपुर
हाल : ईटहरी उप.म.न.पा.-४, सुनसरी
ना.प्र. न : २६११/१४७२३
जारी मिति : २०५२/१२/०७
जि.प्र.का : भोजपुर

**२. नाम : दिल कुमार राई**
बाबु : कुल बहादुर राइ
बाजे : मन्जित राई
ठेगाना : दोभाने गा.बि.स.-३, भोजपुर
हाल : ईटहरी उप.म.न.पा.-१, सुनसरी
ना.प्र. न : १६५४/२०८९/४८२९
जारी मिति : २०५७/०५/०४
(प्रथम प्रतिलिपि मिति :२०७१/०७/०३)
जि.प्र.का : भोजपुर

**४. नाम : कृष्ण बहादुर खत्री**
बाबु : तुल बहादुर खत्री
बाजे : फत्ते बहादुर खत्री
ठेगाना : आम्तेक गा.बि.स.-९, भोजपुर
हाल : ईटहरी उप.म.न.पा.-१, सुनसरी
ना.प्र. न : ९२५७
जारी मिति : २०६२/०७/०२
जि.प्र.का : भोजपुर

**कम्पनीको सञ्चालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : अम्बर बहादुर खत्री**
बाबु : प्रेम बहादुर खत्री
बाजे : हिरा बहादुर खत्री
ठेगाना : दोभाने गा.बि.स.-४, भोजपुर
हाल : ईटहरी उप.म.न.पा.-३, सुनसरी
ना.प्र. न : ४६४३/४१
जारी मिति : २०६०/०८/२२
जि.प्र.का : भोजपुर

**३. नाम : खगेन्द्र खत्री**
बाबु : हिरा बहादुर खत्री
बाजे : राम बहादुर खत्री
ठेगाना : कसेनी गा.बि.स.-९,मोरङ
हाल : ईटहरी उप.म.न.पा.-४, सुनसरी
ना.प्र. न : २६३९१
जारी मिति : २०५३/०१/०५
(प्रतिलिपि मिति:२०६०/०८/०८)
जि.प्र.का : मोरङ

**धितो राखिएको सम्पत्तिको विवरण:**
**धितो सुरक्षण धनीको नाम : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड धनी कायम भई ऋणी खाम्दाके यातायात प्रा.ली भएको सवारी साधन।**

| सि.नं | सवारी मोडेल | दर्ता नं. | ईन्जीन नं | च्यासिस नं. | बनेको साल |
|---|---|---|---|---|---|
| १ | Eicher 10.75H Starline STF Bus | KO 1 KHA 7120 | E413CDJG225450 | MC2A5HRT0JG412073 | 2018 |
| २ | Eicher 10.75H Starline STF Bus | KO 1 KHA 6951 | E413CDHJ161512 | MC2A5HRT0HJ380889 | 2018 |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्तिदा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा सम्बन्धित शाखा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/०९/०८ गते, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धरान, धरान-९, पुतली लाइन, सुनसरी।**

**मुख्य कार्यालयः**
Citizens Bank
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

# रोमान्टिक आना र समीर



**काठमाडौं/मस–** आगामी माघ २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रमिताको पिरती'को पहिलो रोमान्टिक गीत सार्वजनिक गरिएको छ । 'तिमी भए काफी' बोलको गीत सोमबार काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममार्फत दर्शकमाझ ल्याइएको हो ।

गीतमा डेब्यु अभिनेता तथा गायक समीर श्रेष्ठको स्वर सुन्न सकिन्छ भने यसको अडियो निर्माण सास्वत श्रेष्ठले गरेका हुन् । प्रेम र समर्पणको भावनाले भरिएको गीतले फिल्मको रोमान्टिक पक्षलाई उजागर गर्छ ।

थाइल्यान्डका रमणीय लोकेसनमा छायांकन गरिएको भिडियोमा फिल्मका मुख्य कलाकार आना शर्मा र समीर श्रेष्ठको प्रेम, रोमान्स र मस्तीलाई आकर्षक ढंगले प्रस्तुत गरिएको छ । झोलेइज्मको छायांकन तथा झोलेकै सम्पादन रहेको भिडियोमा सिनेमाटोग्राफी पक्ष प्रभावशाली देखिन्छ ।

सुदिप्ताको डेब्यु निर्देशनमा बनेको यस फिल्ममा आना र समीरसँगै धीरज मगर, विनय श्रेष्ठ, गौमाया गुरुङ, पशुपति राई, रेणु योगी, थिन्ले ल्हामो लगायतका कलाकारको अभिनय रहेको छ । फिल्मको कथा र पटकथा पनि निर्देशक सुदिप्ताकै हो ।

प्राविधिक टिममा शिशिर विशांखे (डिओपी), सुनिल सिवाकोटी (सम्पादन) र कृतिका बराल (कोरियोग्राफी) रहेका छन् । फिल्ममा समीर श्रेष्ठ, सुशान्त केसी, महेश काफ्ले, अस्मिता अधिकारी र कुशल पोखरेलको संगीत समावेश छ ।

आरपी प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता सागर लम्साल हुन् । आना शर्मा र सन्तोष लम्साल कार्यकारी निर्माता रहेका छन् भने गणेश पाण्डे, सुभाष कोइराला र प्रवेश लामिछाने एसोसिएट निर्माता छन् ।

फिल्मले एक युवतीको जीवन, संघर्ष, प्रेम र उतार-चढावलाई केन्द्रमा राखेर कथा बुनेको छ । यसअघि सार्वजनिक पोस्टर र टिजरले फरक विषयवस्तु र प्रस्तुतिका कारण दर्शकको ध्यान तानिसकेको फिल्म 'रमिताको पिरती' हाल चर्चामा छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०८/२३ मा दर्ता भएको **प्रा. लि. नं. ३७२०१** को **तालामाराङ्ग केवल टेलिभिजन नेटवर्क प्रा. लि.** को मिति २०८२/०८/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**जनसूचना स्वावलम्बन पर्यावरण संरक्षण सहकारी संस्था लि., बुढानीलकण्ठ**

**टेण्डर आह्वान सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२।०८।१०
दोस्रो पटक प्रकाशित मितिः २०८२।०९।०१

यस जनसूचना सहकारी संस्था लि. ले तपशिलमा निर्दिष्ट विवरणको १ थान सामान ढुवानी गर्नेविद्युतिय गाडी खरिद गर्न लागेको हुँदा नेपाल सरकारमा दर्ता भएका कम्पनी/संस्था/बिक्री कर्ताले आफूले बिक्री गर्ने गाडीको भ्याट सहितको मुल्य बोलकबोल गरेर यस जनसूचना सहकारी संस्थाको कार्यालय, बुढानीलकण्ठ नपा २, भंगालमा दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालयको समयभित्र टेण्डर प्रस्ताव पेश गर्न हुन अनुरोध छ। टेण्डर प्रस्तावको साथमा कम्पनी/संस्था/बिक्रीकर्ताको दर्ता प्रमाण-पत्र,०८०/०८१ को करचुक्ता तथा भ्याटमा दर्ता भएको प्रमाण-पत्र सम्लग्न राखी बुझाउन हुन अनुरोध छ । त्यसरी प्राप्त भएका प्रस्तावहरु मध्ये योग्य तथा कम मुल्य बोलकबोल गर्ने कुनै एक कम्पनी/संस्था/विक्रीकर्तालाई छनौट गरी सोही सँग गाडी खरिद गरिने छ । मापदण्ड तथा नियम नपुगेका र समय सिमा भन्दा पछाडी आएका टेण्डरलाई मान्यता दिइने छैन ।

**दोस्रो पटक सूचना प्रकाशित भएको मितिः २०८२/०९/०१**
**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०९/०७**
**समयः साँझको ४:०० बजे**

Specifications: Battery- Lithium lon Iron phosphate (LFP) battery; Min Battery capacity-; Max power-27 kw; Max Torque-130 Nm; Suspension- Rigid front and Rear suspension- with Leaf springs; Ground clearance-160 mm; Min Dimensions-2400x1470x300 mm; Payload-650 kg; Min Load body-8Fx4.8F; HV battery warranty-6 year/160000 Km*(Whichever is earlier); Vehicle Warranty-3 Year/125000 Km* (Whichever is earlier).

**सम्पर्क व्यक्तिको नामः दिक्षा थापा, फोन नंः ९८४९४७६४२२**

**काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना**

**पहिलो पटक प्रकाशन मिति २०८२/०९/०१**

यस गौतमबुद्ध सामुदायिक वन उपभोक्ता समुह गुलरिया न. पा. ०४, कमलपुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातिको काठ ६८०८.२५ घ.फि. र दाउर १५.५४ चट्टा अनुमानित लगत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरूले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ ।

**श्री गौतमबुद्ध सामुदायिक वन उपभोक्ता समुह,**
**गुलरिया न.पा. ०१ कमलपुर, बर्दिया ।**
**मो.नं. ९८५८०७८७८६**

**टि.जि.एल. नेपाल प्रा. लि.को जरूरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस टि.जि.एल. नेपाल प्रा. लि. (श्रम इजाजत पत्र नं. ८५३/०६६/०६७ ) को नाम लिई विभिन्न देशहरुमा वैदेशिक रोजगारमा पठाई दिन्छु भनी विभिन्न व्यक्तिहरुसँग आर्थिक कारोबार गरेको भन्ने सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ। निज व्यक्तिहरु यस प्रा.लि को आधिकारिक व्यक्ति नभएको र यस प्रा.लि.को केन्द्रीय कार्यालय बसुन्धारा काठमाडौं र शाखा कार्यालय झापा बाहेक अन्यत्र कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस प्रा.लि.को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न अनुरोध गर्दछौं ।

**टि. जि. एल. नेपाल प्रा. लि.**
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोनः ५९०६२५२ फ्याक्सः ५९०६२५३
श्रम इजाजत नं. ८५३/०६६/०६७

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यावसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **कान्तिपुर मेनपावर सर्भिस प्रा.लि. श्रम इजाजत पत्र नं. ५२३/०६१/०६२** मा कार्यरत तपशील कर्मचारीले आफ्नो व्यक्तिगत कारण देखाउँदै राजीनामा पत्र पेश गरेकाले निजको राजीनामा स्वीकृत गरि यस कार्यालयबाट हटाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | रिता अधिकारी | २७-०१-७२-१२४३२ | Public Relation Officer (PRO) |

**KANTIPUR MANPOWER SERVICE PVT.LTD.**
काठमाडौं-३, सामाखुसी, फोन नं.:०१-४९७९७७७, ४९७९५५५, ४९७९६६६
Email: info@kantipurmanpower.com, Website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२

## Sunchhahari Rural Municipality
## Office Of Rural Municipal Executive
**Pobang, Rolpa**

## Re-Invitation for E-Bids

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**

**(Date of Publication: 16-12-2025, 10:00 am)**

1. Office of Sunchhahari Rural Municipality, Pobang,Rolpa, invites electronic bids from eligible bidders for the construction of Following Project for, under National competitive Bidding Procedures.

| Contract ID | Description of works | Estimated Amount (Excluding VAT and Contingency) NRs. | Bid Security NRs. | Bid Fee NRs. | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|
| SRM/WORKS/NCB/09/082-083 | Pariwartan Aa.Bi. Chyanadhara Sunchhahari Gaunpalika Ward No. 2 | 5,875,931.86 | 165,000.00 | 3,000.00 | 90 |

2. Information to deposit the cost of bidding document in Bank:

| Office Name | Sunchhahari Rural Municipality, Pobang, Rolpa | Last Date of Submission | 2025-12-31, 12:00 pm |
|---|---|---|---|
| Name of the Bank | Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa | Bid opening date | 2025-12-31, 2:00 pm |
| Account Name | Sunchhahari Rmu Ga 1.1 Antarik Rajaswa Khata | Sunchhahari Rmu Ga 3.1 Sthaniya Taha Dharauti Khata | |
| Account No. | 43595241207004 | 43525240600003 | |

3. For more information, please visit PPMO website www.bolpatra.gov.np/egp or office of Sunchhahari Rural Municipality, Pobang, Rolpa.
4. Bidder can only bid electronically through PPMO's website www.bolpatra.gov.np/egp. Any conditions so far not covered shall be as per Public Procurement Act, 2063 (Amendment-2073) and Public Procurement Regulation, 2064. Any amendments in tender notice shall be published in e-procurement section.

**Chief Administrative Officer**

## Barekot Rural Municipality
## Office of the Rural Municipal Executive
**Limsa, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation For Sealed Quotation**

**Date of publication: 16th Dec., 2025 (2082/09/01)**

1. Barekot Rural Municipality invites electronic bids from all eligible bidders for the following projects under the Sealed Q uotation (SQ) procedure of Single-Stage Single-Envelope as mentioned in the table below.

| Contract ID | Name of project | Estimated amount (including VAT and PS) | Bid Security fee/validity | Bid validity period | Bid document fee |
|---|---|---|---|---|---|
| BRM/SQ/GOODS/082-083-02 | Procurement of Non-Local Materials (Budhagaun-berna Road Upgrading works) of LISP Project. | NPR. 14,63,644.91 | NPR. 36,000 | 45 days | NPR. 1,000 |
| BRM/SQ/GOODS/082-083-01 | Procurements of Non-Local Materials(karkijeula to 7 no ward office Road Upgrading works) of LISP Project | NPR 17,01,240.61 | NPR 42,500 | 45 days | NPR. 1,000 |
| BRM/SQ/GOODS/082-083-03 | Procurements of Non-Local Materials(Kauli-karuka-silingee Road Upgrading works) of LISP Project | NPR 15,08,616.64 | NPR. 35,000 | 45 days | NPR.1,000 |

Last Date and Time for Bid Submission: 31th Dec, 2025 (2082/09/16),12 pm
Pre-Bid Meeting Date, Time and Location: 24th Dec 2025 (2082/09/09), 12pm, at office
Bid Opening Date, Time and Location: 31th Dec, 2025 (2082/09/16),1pm, at office

| Account Details for Bid Document fee | Account Details For Bid Security Deposit |
|---|---|
| Bank: Agricultural Development Bank, Limsa, Jajarkot<br>Name of Office : Barekot Rural Municipality<br>Office Code no : 80666503300<br>Office Account Name: BAREKOT RURAL MUNICIPALITY GA 1.1<br>Office Account no: 0726401548097091<br>Rajaswo Sirsak no: 14229 | Bank: Agricultural Development Bank, Limsa, Jajarkot<br>Name of Office : Barekot Rural Municipality<br>Office Code no. : 80666503300<br>Office Account Name: BAREKOT RURAL MUNICIPALITY<br>Office Account no.: 0726401548097030 |

2. Eligible bidder may obtain further information from the office of Barekot Rural Municipality during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
3. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation.

**Chief Administrative Officer**

# बर्दिया स्कुलकप क्रिकेट बगलामुखीलाई उपाधि

दीपकलाल श्रेष्ठ/मध्यान्ह
बर्दिया, २९ मंसिर




बर्दियाको गुलरियामा जारी बर्दिया स्कुलकप क्रिकेट प्रतियोगिताको उपाधि बगलामुखी माविले जितेको छ । मंसिर २१ गतेदेखि सञ्चालित स्वर्गीय कृष्णप्रसाद बस्याल राकेश स्मृति स्कुलकप २०८२ को सोमबार भएको फाइनल खेलमा शम्भुशरण माविलाई सुपर ओभरमा १० रनले पराजित गर्दै बगलामुखीले उपाधि जितेको हो ।

दुवै टिमले १० विकेटको क्षतिमा समान ९४ रन बनाएर अलआउट भएपछि खेल सुपरओभरमा गएको थियो ।

टस जितेर पहिलो ब्याटिङ गरेको शम्भुशरण मावि खैरापुरले निर्धारित २० ओभरको खेलमा १० विकेटको क्षतिमा ९४ बनाएको थियो । शम्भुशरण माविका लागि गौरव खैराहाले १३ बलमा १५ रन बनाए भने अहमद अलीले २० बलमा १३ बनाए । कपिल खत्रीले १० बलमा ११ रनको योगदान गरे ।

शम्भुशरण माविलाई ९४ रनमा अलआउट गर्ने क्रममा बगलामुखी माविका लागि सुशान्त खनालले ७ रन दिएर तीन विकेट लिए भने आकाश यादवले १६ रन दिएर ३ विकेट र समिर पाण्डेले १३ रन दिएर १ विकेट लिए ।

९५ रनको लक्ष्य पछ्याएको बगलामुखी ९४ रन मै अल आउट हुन पुगेको थियो । जसका कारण खेल सुपर ओभरमा गएको थियो ।

बगलामुखीका लागि अमन यादवले २५ बलमा २१ रन बनाए भने सुशान्त खनालले ५ बलमा ९ रन र हार्दिक माझिले ११ बलमा आठ रन बनाए ।

शम्भुशरणका लागि गौरव खैराहाले ९ रन दिएर ४ विकेट लिए भने कपिल खनालले १० रन दिएर ३ विकेट लिए ।

खेल बराबरी भएपछि सुपरओभरको खेलमा बगलामुखीले निर्धारित एक ओभरमा १२ रन बनाएको थियो । जितका लागि १३ रनको लक्ष्य पछ्याएको शम्भुशरणले दुई रन मात्र बनाउन सक्यो । जितसँगै बगलामुखी माध्यमिक विद्यालयले २० हजार नगद प्राप्त गर्‍यो भने दोस्रो भएको शम्भुशरण मावि खैरापुरले १० हजार नगद प्राप्त गर्‍यो । फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गरेका बगलामुखी माध्यमिक विद्यालयका आकाश यादव म्यान अफ द म्याच घोषित भए भने फाइनल म्याचको स्ट्राइकर अफ द म्याच अमन यादव भए । साथै फाइनलको क्यास अफ द म्याच सलमान अलि भए ।

प्रतियोगिताभरि उत्कृष्ट प्रदर्शन गरेर बलिङमा १४ विकेट र ब्याटिङमा ६० रन बनाएका बगलामुखी माध्यमिक विद्यालयका आकाश यादव म्यान अफ दि सिरिज भए भने उत्कृष्ट ब्याटिङ गरेर १ सय ५२ रन बनाएका गौरीशंकर मावि गुलरिया ११ डल्लापुरका शाहरुख खान उत्कृष्ट ब्याट्सम्यान घोषित भए ।

## मोटरसाईकल हराएको सूचना

मिति २०८२/०८/१५ गते लाखे डाँडा कोलोनी, टोखा धापासीबाट पार्किङ गरि राखेको बा.प्र-०२-०५७ प ५२५९ नम्बरको सेतो रङको 200 CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनी: हुलास अटो क्राफ्ट प्रा.लि.**
**ऋणिको नाम: कर्ण बहादुर राना मगर**
**च्यासिस नं.: MD2A36FX25CL86824**
**इन्जीन नं.: JLXCSL83061**
**सम्पर्क: ९८१०३५३४३३, ९८६०४३१६०५**

**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
## यातायात व्यवस्था सेवा कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम भाग)**

## भुल सुधार

**(प्रकाशित मितिः २०८२/०९/०१ गते)**

मिति २०८२/०८/२७ गते मध्यान्ह राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित यस यातायात व्यवस्था सेवा कार्यालय चौरजहारी, रुकुमको **स्वास्थ्य परीक्षण सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचनामा प्रकाशित मिति २०८२/०८/२७ गते** हुनुर्पेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

**कार्यालय प्रमुख**
**यातायात व्यवस्था सेवा कार्यालय,**
**चौरजहारी रुकुम पश्चिम**

## काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०१**

डडेल्धुरा जिल्ला परशुराम नगरपालिका-३ सिमल्टास्थित सिगास सा.व.उ.स. को वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ६१९ गोलिया थानको परिमाण २४९९.५१ क्यूफिट साल जातको काठ र कुल ४८ गोलिया थानको परिमाण २१०.१५ क्यूफिट असना जातको काठका साथै सालको २.५९ चट्टा दाउरा र साल मिश्रित ०.३६ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा दिउँसो ठिक १२ बजेभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## दुई फरक नाम र जन्म मिति भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको बारेमा

**प्रकाशित मिति : २०८२/०९/०१**

